मोफसलको सर्वाधिक लोकप्रिय राष्ट्रिय दैनिक

# पूर्वाञ्चल

Purwanchal National Daily

श्रीअन्नु प्रकाशन (प्रा.)लि.

◆ वर्ष : ३१ ◆ अङ्क : ६७ ◆ पृष्ठ ४ ◆ बिर्तामोड ◆ वि.सं. २०८२ माघ ९ गते शुक्रबार (Friday, 23 January. 2026) नेपाल सम्वत् ११४६ Web : www .purwanchaldaily.com ◆ मूल्य रु. : ५/- भारतमा भारु. : ४/-

## कुक आइसल्यान्ड पठाइदिने भन्दै ठगी

**काठमाडौं, माघ ८।** वैदेशिक रोजगारीका लागि कुक आइसल्यान्ड लैजाने भन्दै ठगी गरेको आरोपमा एक व्यक्ति पक्राउ परेका छन् ।

रामेछापको खाँडादेवी गाउँपालिका-१ घर भइ हाल काठमाडौँको कागेश्वरी मनोहरा-९ बस्ने ३१ वर्षीय रोजबहादुर श्रेष्ठलाई काठमाडौँ उपत्यका अपराध अनुसन्धान कार्यालयको टोलीले पक्राउ गरेको हो । उनले एक व्यक्तिबाट १२ लाख ४० हजार रुपैयाँ लिएर लामो समयसम्म झुक्यानमा राखी विदेश नपठाइ सम्पर्कविहीन

(बाँकी अन्तिम पृष्ठमा)

# झापामा हात्तीपाइलेबिरुद्ध आम औषधि सेवन अभियान

**सुरेन्द्र भण्डारी**

**झापा, माघ ८।** हात्तीपाइले रोग उन्मुलन गर्ने राष्ट्रिय लक्ष्यलाई पूरा गर्न झापामा यस वर्षको आमऔषधि सेवन अभियान वुधवारदेखि शुरु भएको छ ।

कचनकवल गाउँपालिका र झापा गाउँपालिकाबाट औपचारिक रूपमा शुरु भएको अभियान यसपटक जिल्लाका ६ वटा पालिकामा सञ्चालन भइरहेको छ । जिल्ला स्वास्थ्य कार्यालय झापाका प्रमुख वृजकुमार दासका अनुसार झापामा अझै हात्तीपाइलेको संक्रमण कायमै रहेकाले लक्षित पालिकामा सामुहिक औषधि सेवन अभियान सञ्चालन गरिएको हो । 'संक्रमणको दर घट्दै गए पनि पूर्ण रूपमा नियन्त्रणमा आउन सकेको छैन'- दासले भने- 'रोगको सर्कुलेसन रोक्न सामुहिक रूपमा औषधि सेवन गराउनु अपरिहार्य छ ।'

यसपटक अभियान कनकाई नगरपालिका, अर्जुनधारा नगरपालिका, झापा गाउँपालिका, बाह्रदशी गाउँपालिका, हल्दिबारी गाउँपालिका र कचनकवल गाउँपालिकामा सञ्चालन गरिएको छ । अभियान अन्तर्गत यी पालिकामा बसोबास गर्ने करिब २ लाख ८२ हजार जनालाई औषधि सेवन गराउने लक्ष्य लिइएको छ ।

**२२६९ संक्रमित, हाइड्रोसिलको संख्या बढी**

विश्व स्वास्थ्य संगठन (डब्लूएचओ) प्रतिनिधि रवीन्द्र खनियाका अनुसार झापामा हालसम्म २ हजार २ सय ६९ जनामा हात्तीपाइले रोगको संक्रमण पुष्टि भइसकेको छ । 'संक्रमितमध्ये ८४६ जनामा हात-खुट्टा सुनिने समस्या देखिएको छ भने १ हजार ३५२ जनामा हाइड्रोसिलको लक्षण छ'- खनियाले भने- '७१ जनामा दुवै लक्षण देखिएका छन् ।'



स्वास्थ्य कार्यालयका अनुसार झापामा औसत रूपमा प्रत्येक एक हजार जनामा दुई जनामा हात्तीपाइले रोग देखा परेको तथ्याङ्क छ । अझ चिन्ताजनक पक्ष के छ भने अभियान सञ्चालन हुने पालिकामा करिब १ प्रतिशत व्यक्तिले अरूलाई रोग सार्ने अवस्थामा रहेको र १०.५ प्रतिशत व्यक्तिको शरीरमा हात्तीपाइलेको वयस्क परजीवी अझै सक्रिय अवस्थामा रहेको पाइएको छ ।

यही कारणले गर्दा झापालाई अझै उच्च जोखिमयुक्त जिल्लाको सूचीमा राखेर निरन्तर औषधि सेवन अभियान सञ्चालन गर्नुपरेको स्वास्थ्य अधिकारीहरूको भनाइ छ । बिहीबार जिल्ला समन्वय समिति झापाको सभाहलमा आयोजित कार्यक्रममा पालिका अनुसार औषधि सेवन गराइने लक्षित जनसंख्या सार्वजनिक गरिएको थियो ।

तथ्याङ्क अनुसार कचनकवल गाउँपालिकामा ४१ हजार १ सय ४९ जना, कनकाई नगरपालिकामा ५२ हजार ९ सय ५४ जना, झापा गाउँपालिकामा ४० हजार ३ जना, बाह्रदशी गाउँपालिकामा ३६ हजार ३ सय ३३ जना, हल्दिबारी गाउँपालिकामा ३१ हजार ५ सय ३१ जना र अर्जुनधारा नगरपालिकामा बाँकी लक्षित जनसंख्यालाई औषधि खुवाइने कार्यक्रम छ । स्वास्थ्यकर्मी, स्वयम्सेवक र स्थानीय जनप्रतिनिधिको सहकार्यमा घर-घर पुगेर औषधि खुवाउने व्यवस्था मिलाइएको जिल्ला स्वास्थ्य कार्यालयले जनाएको छ ।

**झापामा १४औं पटक अभियान, करिब ६ करोड खर्च लाग्ने अनुमान**

झापामा यसअघि १३ पटक सामुहिक औषधि सेवन अभियान सञ्चालन भइसकेको छ । यो १४औं पटकको अभियान हो । यसपटक ६ वटा पालिकामा औषधि

(बाँकी अन्तिम पृष्ठमा)

## भारतमा निपाह भाइरस, नेपालमा उच्च सतर्कता



**काठमाडौं, माघ ८।** भारतको पश्चिम बंगालमा निपाह भाइरसको सङ्क्रमण पुष्टि भएपछि नेपाल सरकारले उच्च सतर्कता अपनाएको छ ।

स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले सम्पूर्ण हवाई तथा स्थल नाकाबाट भित्रिने यात्रुको निगरानी शुरू गरेको छ । मन्त्रालयको हेल्थ डेस्कमार्फत सङ्क्रमणका लक्षण देखिएका यात्रुमाथि निगरानी भइरहेको प्रवक्ता डा. प्रकाश बुढाथोकीले जानकारी दिए । उनका अनुसार निपाह भाइरस चमेरो, सुँगुर वा सङ्क्रमित व्यक्तिबाट सर्ने भएकाले ती माध्यमलाई विशेष ध्यानमा राखी रोकथामका उपाय अपनाइएको छ ।

मन्त्रालयले सङ्क्रमण फैलिएको क्षेत्रबाट आउने व्यक्तिलाई केही समय क्वारेन्टीनमा बस्न र उनीहरूसँग प्रत्यक्ष सम्पर्कमा नजान सबैमा अपील गरेको छ । निपाह घातक जुनोटिक भाइरस हो जसको मृत्युदर ४०देखि ७५ प्रतिशतसम्म हुन सक्छ । यो मुख्यतः फलफूल खाने चमेरोबाट मानिसमा सर्छ । नेपालमा अहिलेसम्म निपाहको कुनै सङ्क्रमण पुष्टि भएको छैन । तर, भारतको पश्चिम बङ्गालसँगको खुला सीमा र फ्रुट ब्याटको उपस्थितिले जोखिम बढाएको छ ।

इपीडीमियोलजी तथा रोग नियन्त्रण महाशाखाले देशभरका अस्पतालहरूलाई निपाहजस्ता लक्षण भएका बिरामी र अचानक मृत्युका घटनाको रिपोर्ट गर्न निर्देशन दिएको छ । सङ्क्रमण भएमा शुरूमा ज्वरो आउने, टाउको दुख्ने, खोकी लाग्ने, श्वासप्रश्वासमा समस्या हुने हुन्छ । पछि मस्तिष्क सुन्निने समस्याले ज्यान जान सक्छ । रोकथामका लागि काँचो खजुरको रस नपिउन, चमेरोले टोकेका फलफूल नखान, सङ्क्रमितसँग सम्पर्क भएमा तुरुन्तै स्वास्थ्य जाँच गराउन र हात धुने, मास्क लगाउनेजस्ता सामान्य सावधानी अपनाउन स्वास्थ्य मन्त्रालयले आग्रह गरेको छ ।

## झापाका ९५ मतदानस्थल अति संवेदनशील




**झापा, माघ ८।** आगामी फागुन २१ गते हुने प्रतिनिधिसभा निर्वाचनका लागि जिल्लामा मतदाता र मतदानस्थललाई भयरहित बनाउन सुरक्षा निकायले मतदानस्थलको तीन तहमा वर्गीकरण गरेको छ ।

प्रमुख जिल्ला अधिकारी शिवलाल गेलालले जिल्लाका ९५ वटा मतदानस्थललाई अतिसंवेदनशीलका रूपमा राखिएको बताए । जिल्लामा रहेका २ सय ८५ मतदानस्थलमध्ये १ सय ४७ संवेदनशील र ४३ वटा मतदानस्थल सामान्य रहेका उनले जानकारी दिए । जिल्लामा ८१५ वटा मतदान केन्द्र रहेका छन् । निर्वाचनलाई भयरहीत वातावरणमा सम्पन्न गर्नका लागि नेपाल प्रहरी, सशस्त्र प्रहरी र नेपाली सेना परिचालन गरिने उनले बताए ।

प्रजिअ गेलालले क्षेत्र नं. ५मा सुरक्षा संवेदनशीलतालाई ख्याल गर्दै विगतमा भन्दा बढी सुरक्षाकर्मी आवश्यक पर्ने देखिएपछि प्रदेशसँग थप सुरक्षाकर्मी माग गरिएको जानकारी दिए । पाँच निर्वाचन क्षेत्र रहेको झापामा निर्वाचनबाट पाँच जना प्रतिनिधिसभा प्रतिनिधि निर्वाचित हुने र यसका लागि झापामा सात लाख १३ हजार ५ सय ३७ जनाले मतदान गर्नेछन् ।

**झापा ५मा सबैभन्दा बढी मतदाता**

जिल्लाका पाँचवटा निर्वाचन क्षेत्रमध्ये सबैभन्दा बढी मतदाता क्षेत्र नम्बर ५मा रहेको जिल्ला निर्वाचन कार्यालयले जनाएको छ । कार्यालयका प्रमुख तुलसी नेपालका अनुसार यसपटक थपिएका ५० हजार नयाँ मतदातासहित जिल्लामा सात लाख १३ हजार ५ सय ३७ मतदाता रहेका छन् ।

उनले क्षेत्र नम्बर ५मा मात्र ८१ हजार ८१ पुरुष,

(बाँकी अन्तिम पृष्ठमा)

## मोरङ-४मा तेस्रो लिंगी उम्मेदवार

**झापा, माघ ८।** नेपाली राजनीतिमा दशकौँदेखि भाषण र कागजमा सीमित रहँदै आएको समावेशिता, प्रतिनिधित्व र समान अधिकारको बहसलाई मोरङ-४ बाट दर्ता भएको एउटा फरक उम्मेदवारीले फेरि केन्द्रमा ल्याएको छ ।

समावेशी समाजवादी पार्टीकी अध्यक्ष नुमा लिम्बू यस वर्षको प्रतिनिधिसभा निर्वाचनमा नेपालकै एक मात्र प्रत्यक्षतर्फको तेस्रो लिंगी उम्मेदवार बनेकी छन् । लामो समयदेखि यौनिक तथा लैंगिक अल्पसंख्यक, आदिवासी जनजाति र सीमान्तकृत समुदायका अधिकारका लागि सक्रिय लिम्बूले आफ्नो उम्मेदवारीलाई व्यक्तिगत राजनीतिक आकांक्षाभन्दा बढी राज्य संरचनाभित्रको बहिष्करणबिरुद्धको प्रत्यक्ष चुनौतिका रूपमा प्रस्तुत गरेकी छन् ।

'यो चुनाव मेरो व्यक्तिगत पहिचानको सवाल मात्र होइन'- लिम्बू भन्छिन्- 'दशकौँदेखि अदृश्य बनाइएका समुदायको जीवन, अधिकार र भविष्यसँग जोडिएको न्यायको प्रश्न हो । संसदमा हाम्रो उपस्थिति नहुँदासम्म नीति निर्माणमा हाम्रो वास्तविक पीडा कहिल्यै समेटिँदैन ।'

नेपालको संसदीय इतिहासमा यौनिक तथा लैंगिक अल्पसंख्यक समुदायको प्रतिनिधित्व अत्यन्त सीमित रहँदै आएको छ । संविधानसभामा सुनीलबाबु पन्तको ऐतिहासिक उपस्थितिबाहेक संघीय संसदमा तेस्रोलिंगीको प्रत्यक्ष प्रतिनिधित्व हुन सकेको छैन । राजनीतिक विश्लेषकहरूका अनुसार लिम्बूको उम्मेदवारीले यही रिक्ततालाई भर्न खोजेको संकेत

(बाँकी अन्तिम पृष्ठमा)

## 'निर्वाचनबिनाको विकल्प छैन'



**झापा, माघ ८।** नेपाली कांग्रेसका कोशी प्रदेश सभापति तथा पूर्वमुख्यमन्त्री उद्धव थापाले फागुन २१ गते हुने प्रतिनिधिसभा निर्वाचन अपरिहार्य रहेको बताएका छन् । निर्वाचन सफल नभएसम्म देश सही दिशामा अघि बढ्न नसक्ने उनको भनाइ छ ।

(बाँकी अन्तिम पृष्ठमा)

## 'धितो न जमानीको मान्छेलाई मत नदिनुस्'

**झापा, माघ ८।** नेकपा एमालेका अध्यक्ष केपी शर्मा ओलीले जेन-जी आन्दोलनका नाममा आपराधिक गतिविधिमा संलग्नहरु कारवाहीको दायरामा आउने बताएका छन् ।

बिहीबार झापाको दमक-८स्थित नेपाली कम्युनिष्ट पार्टीका नेता गगन पुरीको आगजनी गरिएको घरको अवलोकन गर्दै ओलीले अराजकताको आयु लामो नहुने भन्दै आपराधिक गतिविधिमा संलग्नहरु कारवाहीको दायरामा आउने बताएका हुन् । जेन-जीको नाममा भएको आन्दोलनका क्रममा आगजनी गरिएको घरमा सामान्य मर्मत पछि बस्दै आएका



पुरीलाई आश्वस्त पार्दै अध्यक्ष ओलीले उजुरी-निवेदन लगायतको प्रकृया चाँहि अघि बढाउन सुझाव दिए ।

नेता पुरीले आफूले सबै प्रमाणहरु संकलन गरिसकेको र कानूनी उपचारको प्रक्रिया पनि अघि बढाएको बताए । आगजनी र तोडफोडका क्रममा क्रममा भएका सबै सम्पत्ती लुटिएको, घरायसी सामानहरु जलाइएको र घर पनि तोडफोड गरिएको पुरीले बताएका थिए ।

एक फरक प्रसंगमा ओलीले धितो न जमानीको मान्छेलाई मत दिएर आफ्नो मत खेर नफाल्न आग्रह गरेका छन् । बैंकले नोट छाप्दा धितो जमानी बिना नछाप्ने भन्दै भोट हाल्दा पनि धितो न जमानीको मान्छेलाई भोट हाल्न नहुने जिकिर गरे । नचिनेको मान्छेलाई २०६४ सालमा मत दिँदा विकासमा पछि परेको

(बाँकी अन्तिम पृष्ठमा)

# प्रेस काउन्सिलमा १६३ उजुरी

**काठमाडौं, माघ ८।** चालूआर्थिक वर्षको छ महिनामा प्रेस काउन्सिल नेपालमा एक सय ६३ वटा उजुरी दर्ता भएका छन् । काउन्सिलका अनुसार आर्थिक वर्ष २०८२/०८३को पुस मसान्तसम्ममा १६३ वटा उजुरी दर्ता भएका हुन् ।

दर्ता भएका उजुरीमध्ये पत्रकार आचारसंहिताको प्रक्रियाबमोजिम पत्राचार भएपश्चात् ७७ वटा खण्डन सम्प्रेषण भएका, ५२ वटा पेश भएको जवाफ उजुरीकर्तालाई जानकारी गराइएको र १४ वटा क्षमायाचना/भूलसुधार भएको सहप्रवक्ता रामशरण बोहराले जानकारी दिए ।

यसैगरी पाँचवटाले सामग्री स्थगन गरेका, १० वटालाई स्पष्टीकरण सोधिएको, पाँच वटालाई निर्देशन एवम् सचेत गराइएको छ भने यस अवधिमा एक सञ्चारमाध्यमलाई अवज्ञाकारी/कालोसूचीमा राखी कारबाही गरिएको छ ।

यस्तै, यस अवधिमा ६३२ वटा मिडिया/वेबपोर्टल/सामाजिक सञ्जालका ७४४ सामग्री स्वअनुगमन भएका छन् । प्रवक्ता बोहराद्वारा जारी विज्ञप्तिमा भनिएको छ- जसमध्ये ४४७ वटा मिडिया र १८५ वटा गैरमिडिया रहेका छन्, आचारसंहिता उल्लंघनको गम्भीरताका आधारमा १३६ वटा मिडिया र २७ वटा गैरमिडियालाई निर्देशन एवम् सचेत गराइएको छ । कुनै पनि सम्पर्क नभएका २० वटा गैरमिडियाका सम्बन्धमा अनुसन्धान गरी कारबाही गर्न सम्बन्धित निकायमा पत्राचार भएको छ ।




काउन्सिलले पत्रकार तथा सञ्चारमाध्यमबाट पत्रकार आचारसंहिता पालना भए/नभएको विषयमा नियमित अनुगमन गरिरहेकामा निर्वाचन आचारसंहिता लागू भएको परिप्रेक्ष्यमा निर्वाचन आचारसंहिता पालना भए/नभएको विषयमा विशेष अनुगमन प्रक्रिया थालनी गरेको जनाएको छ ।

निर्वाचनको समयमा निर्वाचनलाई प्रभाव पार्ने उद्देश्यले राजनीतिक दल तथा उम्मेदवारका बारेमा आधारहीन, अप्रमाणित तथ्यलाई लिएर विभिन्न टीकाटिप्पणी, आरोप-प्रत्यारोप, होच्याउने, मिथ्या सूचना, दुष्प्रचार, चरित्रहत्या हुने किसिमले सामग्री सम्प्रेषणका घटनाहरू हुनसक्ने र कुनै राजनीतिक दलका नेताहरूबाट अर्को राजनीतिक दल तथा दलका नेताहरूबिरुद्ध द्वेषपूर्ण अभिव्यक्ति (हेट स्पिच) आउनसक्ने र त्यस्ता सामग्रीहरू सञ्चारमाध्यमलाई प्राप्त हुन सक्ने हुँदा त्यस्ता सामग्रीलाई स्थान नदिन र कसैको पक्ष वा विपक्ष हुने एवम् राजनीतिक दल वा उम्मेदवारको चरित्रहत्या हुने सामग्री सम्प्रेषण हुन नदिनेतर्फ सञ्चारमाध्यम, पत्रकार, सञ्चारकर्मी सदैव सजग हुनुपर्छ- काउन्सिलले विज्ञप्तिमा भनेको छ ।

यसैगरी पत्रकारिताका मूल्य/मान्यताविपरीत गैरपेशागत आचरण गर्ने, तथ्यगत परीक्षण एवम् आधार/प्रमाण बेगर सामग्री सम्प्रेषण गर्ने, सामाजिक सञ्जालको दुरूपयोग गरी समाजमा उत्तेजना/अफवाह, भ्रम फैलाउने, परिस्थितिलाई उत्तेजक बनाउन नियोजित रूपमा गलत, मिथ्या एवम् तथ्यलाई तोडमरोड गरी सामग्री प्रकाशन गर्ने, पेशागत आचरणविपरीत एवम् गैरकानूनी कार्य भएको हुँदा त्यस्ता कार्य हुन नदिनेतर्फ सजग रहन सञ्चारमाध्यम, आमपत्रकार एवम् सञ्चारकर्मीमा आग्रह गरिएको छ ।

## मालपोत प्रमुखसहित ९ जनाविरुद्ध भ्रष्टाचार मुद्दा

**काठमाडौं, माघ ८।** अख्तियार दुरुपयोग अनुसन्धान आयोगले बाँकेका तत्कालीन प्रमुख मालपोत अधिकृत ऋषिराम केसीसहित ९ जनाबिरुद्ध बिहीबार विशेष अदालतमा भ्रष्टाचार मुद्दा दायर गरेको छ । सार्वजनिक सम्पत्तिको हानी-नोक्सानी गरेको र गलत लिखत तयार गरेको अभियोगमा उनीहरूविरुद्ध मुद्दा चलाइएको हो ।

अख्तियारका अनुसार बाँकेको नेपालगञ्जस्थित सरकारी जग्गा व्यक्तिको नाममा नामसारी गर्ने प्रक्रियामा संलग्न भएको भन्दै केसीसहितका कर्मचारी र बिचौलियालाई प्रतिवादी बनाइएको छ । मुद्दा दायर गरिएका अन्य व्यक्तिहरूमा मालपोत कार्यालयका तत्कालीन कर्मचारीहरू र जग्गाधनी भनिएका व्यक्तिहरू रहेका छन् ।

अनुसन्धानका क्रममा सरकारी स्वामित्वमा रहेको जग्गालाई नक्कली कागज-पत्र र गलत लिखत खडा गरी व्यक्तिको नाममा दर्ता कायम गरेको पुष्टि भएपछि आयोगले कारबाही प्रक्रिया अघि बढाएको थियो । आयोगले प्रतिवादीहरूमाथि भ्रष्टाचार निवारण ऐन, २०५९ बमोजिम जरिवाना र कैद सजायको मागदावी गरेको छ । मालपोत अधिकृत केसीले आफ्नो पदको दुरुपयोग गरी राज्यलाई ठूलो आर्थिक क्षति पुऱ्याएको अख्तियारको आरोप-पत्रमा उल्लेख छ ।

विशेष अदालतमा दर्ता गरिएको यस मुद्दामा सरकारी जग्गा हिनामिनाको परिमाण र बिगो रकमबारे विस्तृत विवरण आयोगले सार्वजनिक गरेको छ । जग्गा प्रशासनमा हुने अनियमिता रोक्न अख्तियारले पछिल्लो समय सक्रियता बढाएको सन्दर्भमा यो मुद्दा दायर भएको हो ।

मतदान गर्ने अधिकारको प्रयोग गरौं

- लोकतान्त्रिक शासन व्यवस्थामा मतदानको प्रक्रियामार्फत शासनमा सहभागी होऔं ।
- मतदानको समयमा विवेकको प्रयोग गरौं ।
- मतदान गरेर नागरिकको अधिकार र कर्तव्य निर्वाह गरौं ।
- जनतामा निहीत सार्वभौमसत्ताको प्रयोग गरौं ।,
- निर्वाचनको माध्यमबाट शासन व्यवस्थालाई वैधता प्रदान गरौं ।
- असल, विवेकशील, गतिशील र दुरदर्शी नेतृत्व चयन गरौं ।
- सुशासन कायम गरौं र सुशासनका लागि निरन्तर खबरदारी गरौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

BIRTAMODE
EYE HOSPITAL

अब नाक, कान, घाँटी तथा दन्त उपचारसहित
उच्च गुणस्तरिय, सुलभ र भरपर्दो आँखा उपचार सेवामा समर्पित

CONTACT :
Birtamode Eye Hospital
CHARPANE, JHAPA, MECHI, NEPAL
PHONE NO: 023-530476 / Email: mnec.beh@gmail.com I
Web: birtamodeeyehospital.org

# मुख होइन, रूख हेरौं- प्रसाई

**विर्तामोड, माघ ८।** नेपाली कांग्रेसका तर्फबाट झापा क्षेत्र नं. २की उम्मेदवार सरिता प्रसाईले उम्मेदवारको मुख होइन चुनावचिन्ह रुख हेरेर मतदान गर्न क्षेत्रभरीका आम मतदातालाई अपिल गरेकी छिन्।

नेपाली कांग्रेस झापा क्षेत्र नं. २को आयोजनामा सम्पन्न कार्यकर्ता भेलालाई सम्बोधन गर्दै उम्मेदवार प्रसाईले यस्तो अपिल गरेकी हुन्। 'संसदीय निर्वाचन जितेमा अरु तहको निर्वाचन जित्न, क्षेत्रको विकासका लागि योजना तान्न सहज हुनेछ'- प्रसाईले भनिन्- 'एकजुट होऔं, मुख होइन, रुख हेरौं र मतदान गरौं।'

नेपाली कांग्रेसका केन्द्रीय सदस्य सुधिरकुमार शिवाकोटीले पार्टीका कार्यकर्ता र जनताको भावना बमोजिम विशेष महाधिवेशनबाट पार्टीको नेतृत्व परिवर्तन भएको बताउँदै हिजो जे भएपनि वार्ता र संवादमार्फत पार्टी एकताबद्ध भएको बताए। 'निर्वाचन भनेको पार्टीका लागि जीवन मरणको सवाल हो'-नेता शिवाकोटीले भने- 'हिजो के भयो ? भन्ने विर्सिएर पार्टीका उम्मेदवारलाई जिताउन एकताबद्ध भएर लागौं।'

अर्का केन्द्रीय सदस्य एवम् समानुपातिक उम्मेदवार उमा शिवाकोटीले विशेष महाधिवेशन हुँदा पार्टी फुट्छ कि ? भन्ने आशंका धेरै शुभेच्छुक र कार्यकर्तामा रहेपनि अहिले वार्ता र संवादमार्फत सबै एकजुट भएको बताउँदै पार्टीका उम्मेदवारलाई जिताउन एकताबद्ध हुन आह्वान गरिन्। पार्टीले दिएको जस्तोसुकै जिम्मेवारी पूरा गर्ने प्रतिबद्धता व्यक्त गर्दै उनले पार्टीका तर्फबाट झापा क्षेत्र नं. २की उम्मेदवार सरिता प्रसाईको राजनीतिक इतिहासका विषयमा चर्चा गरेकी थिइन्।



कार्यक्रममा समानुपातिक उम्मेदवार मनु विश्वकर्मा, नेपाली कांग्रेस विर्तामोड नगर सभापति भोजराज सिटौला लगायतले आ-आफ्ना धारणा राखेका थिए।

नेपाली कांग्रेस झापा क्षेत्र नं. २ का सभापति खगेन्द्र मैनालीको अध्यक्षतामा सम्पन्न भेलाले मैनालीकै संयोजकत्वमा निर्वाचन परिचालन समिति गठन गरेको छ। समितिका सदस्यहरुमा क्षेत्रभित्रका पार्टीका केन्द्रीय सदस्यहरु, कोशी प्रदेश तथा झापा जिल्ला समितिका पदाधिकारीहरु, प्रदेशसभा क्षेत्रीय सभापति, गाउँ/नगर सभापति, क्षेत्रीय सचिव, भ्रातृ तथा शुभेच्छुक संस्थाबाट एकजना प्रतिनिधि सदस्य रहनेछन्।

यसैगरी किरण श्रेष्ठको संयोजकत्वमा निर्वाचन प्रचारप्रसार समिति गठन भएको छ। समितिको सहसंयोजकमा लक्ष्मीप्रसाद आचार्य, सचिवमा रश्मिशेखर सुवेदी, गाउँ/नगर सभापतिले सिफारिस गरेका ७/७ जना प्रतिनिधि, भ्रातृ तथा शुभेच्छुक संस्थाबाट १० जना, २५ वटा वडाका वडासभापति लगायत सदस्य रहनेछन्।

यसैगरी कृष्ण हुमागाँईको संयोजकत्वमा विष्णु खरेल, रोशन सुवेदी, जीवन पोखरेल, दीपेन्द्र ढकाल, बिनोद गौतम, कुलप्रसाद संग्रौला, कृष्ण थापा सदस्य रहेको घोषणा-पत्र तयारी समिति गठन गरिएको छ।

यस्तै निर्वाचनको आर्थिक व्यवस्थापनका लागि सजेश शिवाकोटीको संयोजकत्वमा आर्थिक व्यवस्थापन समिति गठन गरिएको छ। १९ सदस्यीय आर्थिक एवम् अन्य समितिहरुले आवश्यकता अनुसार सदस्य थप गरी पूर्णता दिइने क्षेत्रीय समिति सचिव चन्द्र चुडालले जानकारी दिए ।

# 'मिरागो' योर भर्चुअल ट्रायल रुम

**काठमाडौं, माघ ८।** यो कपडाले मलाई सुहाउँछ कि सुहाउँदैन ? तयार हुने बेलामा हरेक मानिसको दिमागमा यही कुरा खेलिरहन्छ। उसलाई लाग्छ, एकपल्ट आफूलाई कपडामा सजिएको आफ्नै आँखाले हेर्न पाए, के लगाउने भनेर छान्न सजिलो हुने थियो।

त्यसैका लागि मानिस ऐनाको सहारा लिन्छ। लुगा वा कपडा किन्दा ट्रायल रुममा पसेर लगाउनुपर्ने आवश्यकता अझै पनि नेपालमा कायमै छ।




'मिरागो' यही आवश्यकतालाई अनावश्यक बनाउन सहयोगी एक एआइ प्लाटफर्म हो। एआइ टेक्नोलोजीमा केन्द्रित यस भर्चुअल ट्रायल रुम प्लाटफर्म मिरागोलाई प्रयोग गर्न प्रयोगकर्ताले आफ्नो फोटो र आफूलाई मनपरेको लुगाको फोटो अथवा स्क्रिनसट प्लाटफर्ममा अपलोड गर्नुपर्ने हुन्छ। अपलोड भएको फोटो अनुसार एआइले स्वतः प्रयोगकर्ताको फोटोमा उक्त लुगा फिट गरेर नयाँ फोटो जेनेरेट गरिदिनेछ। यसले प्रयोगकर्तालाई आफूलाई सुहाउने लुगा छान्न सहज हुनुका साथै अनलाइन सपिङबाट सामान किनेपछि निम्तिने निराशालाई अन्त्य गर्न सहयोग गर्नेछ। पुरानो तरिकाले अनलाइनमा मनपरेका लुगाहरु किनेर लगाएपछि मन नपर्ने, नसुहाउने समस्या एकैसाथ समाधान हुनुका साथै अब फर्मल, विवाह, पार्टी अथवा कुनै पनि प्रकारका पहिरन छान्न र आफ्नो स्टायल पहिचान गर्न मिरागोले सहयोग गर्ने प्लाटफर्म निर्माणकर्ताहरुको विश्वास छ।

मिरागो प्लाटफर्म निर्माणकर्ता भन्छन् - नेपालमै निर्मित यस भर्चुअल एआइ प्लाटफर्म केवल नेपालका लागि मात्र नभएर संसारकै लागि एक उपयोगी साधन बन्ने विशेषता राख्दछ। बिद्यार्थी, कर्पोरेट कर्मचारी, कन्टेन्ट क्रिएटर र इन्फ्लुएन्सरका साथसाथै आम मानिसलाई लक्षित यस प्लाटफर्मले ड्रेसिङलाई थप सहज र रोचक बनाउनेछ भने यसलाई प्ले स्टोर, एप स्टोर दुवैबाट डाउनलोड गरेर प्रयोग गर्न सकिनेछ। वेवबाट वेवसाइटमार्फत समेत प्रयोग गर्न सकिने यस प्लाटफर्म अन्तर्राष्ट्रियस्तरमा जानु पूर्व पहिलो चरणमा नेपालमा सार्वजनिक भएको छ र यसको युजर इन्टरफेस नेपाली प्रयोगकर्तालाई प्राथमिकतामा राखेर बनाइएको छ।

प्लाटफर्म निर्माणकर्ताका अनुसार नेपालमा बनेको प्लाटफर्ममा अन्तराष्ट्रिय स्तरको टेक्नोलोजी र युजर इन्टरफेसको अनुभव गर्न सकिन्छ भन्ने कुरालाई यस प्लाटफर्मले पुष्टि गर्नेछ। अब कहाँ जाँदा के लगाउने, कस्तो लुगा लगाउने ? किन्ने कि नकिन्ने लगायत सम्पूर्ण प्रश्नका उत्तर एकै प्लाटफर्ममार्फत पाउन सकिने छ र यसले प्रयोगकर्ताको गोपनियता र त्यसको सुरक्षालाई समेत प्राथमिकतामा राखेर जीवनलाई सहज बनाउनेछ भन्ने कुरामा पनि निर्माणकर्ताहरु विश्वस्त छन्।

## 'ऊनको स्वीटर' युट्युबमा




यस वर्षको पहिलो सुपरहिट फिल्म 'ऊनको स्वीटर' डिजिटल प्लेटफर्म युट्युबमा रिलिज भएको छ। निर्माण कम्पनी आर्टमाण्डुले बिहीबार आफ्नै युट्युब च्यानलमार्फत दर्शकलाई निःशुल्क फिल्म उपलब्ध गराएको हो। समय र स्थानका कारण हलमा हेर्न नपाएको गुनासो धेरै आएपछि फिल्मलाई युट्युबमा रिलिज गरिएको आर्टमाण्डुले जनाएको छ।

नेपाल र भारतका हलमा यो फिल्मले प्रदर्शनको ५१ दिन पूरा गरेको थियो। यस अवधिमा फिल्मले नेपालमा ११ करोड ४१ लाख रुपैयाँ ग्रस व्यापार गऱ्यो भने भारतमा डेढ करोड भारु (२ करोड ४० लाख नेरु) कमाएको निर्माताको दाबी छ। अन्तरजातीय प्रेमकथामा आधारित यस फिल्मका 'फूल', 'चाइनेजो जिन्दगानीमा', 'काफ्ले' र 'मखमली' गीत दर्शकमाझ लोकप्रिय छन्।

नवीन चौहानको निर्देशनमा बनेको फिल्ममा विपिन कार्की, मिरुना मगर, एलेक्स पारस, परीक्षा लिम्बू, सुरज तमु, भावना खपाङ्गी, विल्सन विक्रम राई (तक्मे बुढा), सुनिल पोखरेल, माओत्से गुरुङ, प्रेम सुब्बा लगायतको अभिनय रहेको छ। चिन्तनराज भण्डारीको छायांकन रहेको फिल्मका गीतहरूमा सुजन चापागाँईले संगीत दिएका छन्।

# 'परिवर्तन' ले कति पायो शो ?

एक्सनप्रधान फिल्म 'परिवर्तन' आज शुक्रबारबाट प्रदर्शनमा आउँदैछ। टिजर र ट्रेलरले दर्शकमा फिल्मप्रति उत्साह बढाएकाले त्यसको प्रभाव व्यापारमा देखिने अपेक्षा गरिएको छ। तर, यो फिल्मको बक्स अफिसमा बलिउड फिल्म 'बोर्डर २' सँग प्रतिस्पर्धा हुन लागेकाले ठूलो चुनौती पनि देखिएको छ। यसलाई चिर्न फिल्मलाई बलियो 'वर्ड अफ माउथ' को आवश्यकता पर्नेछ।

'परिवर्तन'लाई देशभरका अधिकांश मल्टीप्लेक्सले शो उपलब्ध गराइसकेका छन्। फिल्मले पहिलो दिनका लागि देशव्यापी करिब ९० शो पाएको छ, जुन सन्तोषजनक नै हो। उपलब्ध शोहरूमा ३०-४० प्रतिशत मात्रै पनि अकुपेन्सी हासिल हुन सकेमा फिल्मको ओपनिङ उत्साहप्रद हुनेछ। तर, अहिलेसम्म फिल्मको अग्रिम टिकट बुकिङ अपेक्षित देखिएको छैन।

२ घण्टा १३ मिनेट रनटाइम तय भएको यो फिल्मले केन्द्रीय चलचित्र जाँच समिति (सेन्सर बोर्ड)बाट 'पिजी सर्टिफिकेट' (प्यारेन्टल गाइडेन्स) प्राप्त गरेको छ। अर्थात् १६ वर्षभन्दा मुनिका दर्शकले अभिभावकको साथमा मात्र फिल्म हेर्न पाउनेछन्। फिल्ममा लडाइँ र हिंसात्मक दृश्य अत्याधिक भएकाले बोर्डले पिजी प्रमाणपत्र दिएको जनाइएको छ।

विजय केरुङको निर्देशनमा बनेको यस फिल्ममा सुशील श्रेष्ठ, करिश्मा मानन्धर, अञ्जना बराइली, सरोज खनाल, बुद्धि तामाङ, हेमन्त बुढाथोकी, सुवास मेचे, पुकार भट्टराई, आशा पौडेल, आयुषा कार्की, सिरु विष्ट लगायतको अभिनय




रहेको छ। फिल्मलाई दीपक सिवाकोटीले निर्माण गरेका हुन्। यसमा उनी स्वयंको कथा छ भने शिवम् अधिकारीले पटकथा तथा संवाद लेखेका हुन्।

# बालेनको पक्षमा सेलिब्रेटी

देश यतिबेला चुनावमय बनेको छ। फागुन २१ गते हुने प्रतिनिधिसभा निर्वाचनका लागि प्रत्यक्षतर्फको उम्मेदवारी दर्ताको प्रक्रिया सकिएसँगै शहरदेखि गाउँसम्म चुनावलाई लिएर चर्चा र बहस भइरहेको छ। यसैक्रममा सबैभन्दा बढी चासो र चर्चाको क्षेत्र झापा-५ बनेको छ। कारण, यस क्षेत्रमा दुई चर्चित अनुहार केपी शर्मा ओली र बालेन शाहबीच चुनावी प्रतिस्पर्धा हुँदैछ।

सामाजिक सञ्जाल हेर्ने हो भने सर्वाधिक समर्थन बालेनको पक्षमा देखिएको छ। सर्वसाधारणदेखि सेलिब्रेटीसम्मले उनलाई समर्थन गरेका छन्। अभिनेत्री स्वस्तिमा खड्का खुलेरै बालेनको पक्षमा उभिएकी छन्, जुन उनको फेसबुक पोष्टहरूले देखाउँछ। अर्की अभिनेत्री वर्षा राउतले केही दिनअघि 'घण्टी बज्यो घण्टी बज्यो' बोलको गीत गाउँदै रास्वपा र बालेनप्रति समर्थन जनाएकी थिइन्।

अब बालेनको पक्षमा प्रियंका कार्की पनि उभिएकी छन्। उनले बिहीबार फेसबुकमा एक पोस्ट लेख्दै सन्तानको भविष्य र देश परिवर्तनका लागि बालेन शाहले जित्नुपर्ने बताएकी छन्। प्रियंकाले लेखेकी छन्- 'योपटक बालेन शाहले जित्नुपर्छ। क्रेज र लोकप्रियताका कारण मात्रै होइन, उहाँले पूरै देशलाई परिवर्तन सम्भव छ भन्ने विश्वास दिलाउनुभएको छ।'

बालेनलाई जिताउन केही कलाकारहरू मैदानमा समेत खटिएका छन्। चर्चित हाँस्य कलाकार तथा फिल्म निर्देशक अर्जुन घिमिरे 'पाँडे' बालेनको रक्षाकवज बनेर भोट मागिरहेका छन्। निर्देशक निश्चल बस्नेतले पनि झापा-



५का स्थानीयहरूसँग भेटेर बालेनको पक्षमा माहोल बनाइरहेका छन्। बालेन र रवि लामिछानेलाई मिलाउन पनि उनले ठूलो भूमिका खेलेका थिए।

अभिनेत्री तथा निर्मात्री ऋचा शर्मा पनि बालेनको पक्ष खुल्न थालेकी छन्। उनले मंगलबार झापामा बालेनले उम्मेदवारी दर्ता गराउन जाँदा देखिएको भीडको तस्वीर फेसबुकमा शेयर गर्दै झापाली जनतालाई शुभकामना दिएकी थिइन्। केकी अधिकारी, आसिफ शाह, रीमा विश्वकर्मा लगायतका कलाकारहरूले पनि बालेनलाई समर्थन गरेका छन्।

## सवारी दुर्घटनामा एक जनाको मृत्यु

**इलाम, माघ ८।** इलामको देउमाईमा अटो दुर्घटना हुँदा एक जनाको मृत्यु भएको छ।

जितपुरबाट मङ्गलबारेतर्फ गइरहेको अटो देउमाई नगरपालिका-३ पानीटार चियाबारी नजिक विहीवार दुर्घटना भएको हो।

दुर्घटनामा देउमाई नगरपालिका-५ धुसेनीका १८ वर्षीय युनिश लुइँटेलको मृत्यु भएको जिल्ला प्रहरी कार्यालयका सूचना अधिकारी लक्ष्मी भण्डारीले जानकारी दिए।

गम्भीर घाइते भएका लुइँटेलको अस्पताल पुऱ्याउने क्रममा बाटामै मृत्यु भएको बताइएको छ।

## निर्वाचन ...

झापामा आयोजित एक कार्यक्रममा सम्बोधन गर्दै थापाले संविधान अहिले 'अर्ध मृत अवस्थामा' पुगेको दावी गरे। 'निर्वाचन नभएको खण्डमा अर्ध मृत संविधानलाई राष्ट्रपतिले कति समय जोगाउन सक्नुहुन्छ भन्ने गम्भीर प्रश्न खडा भएको छ'- उनले भने- 'संविधानलाई क्रियाशील र गतिशील बनाउन निर्वाचनबाहेक अर्को विकल्प छैन।'

सभापति थापाले देश अहिले 'खरानीमाथि' उभिएको अवस्थामा रहेको उल्लेख गर्दै खरानी टक्टक्याएर अघि बढ्न पनि निर्वाचन आवश्यक रहेको बताए। 'खरानीबाट देशलाई मुक्त गर्ने उत्तम उपाय नै निर्वाचन हो,' उनले भने। उनले सबै नागरिक मिलेर निर्वाचनलाई सफल बनाउन आग्रह गरे। 'सबै पक्षको सहभागितामा स्वच्छ, मर्यादित र धाँधलीरहित निर्वाचन सम्पन्न भए मात्र मुलुक सही गतिमा अघि बढ्छ'- थापाको भनाइ थियो। थापाले निर्वाचनलाई लोकतन्त्रको आधार स्तम्भका रूपमा उल्लेख गर्दै यसले मात्रै राजनीतिक स्थायित्व, संविधानको रक्षा र देशको भविष्य सुनिश्चित गर्ने बताए।

## झापाका ...

८२ हजार २ सय ९६ र अन्य दुई गरी एक लाख ६३ हजार ३ सय ७९ मतदाता रहेको जानकारी दिए। यस क्षेत्रमा ६१ वटा मतदानस्थल र १८५ वटा मतदान केन्द्र रहेका छन्। क्षेत्र नम्बर ४ मा ६६ हजार २ सय ८३ पुरुष, ६४ हजार ४ सय २८ महिला र अन्य एकसहित एक लाख ३० हजार ७१२ मतदाता छन् भने ६३ वटा मतदानस्थल र १ सय ५६ वटा मतदान केन्द्र रहेको उनले जानकारी दिए।

क्षेत्र नम्बर ३मा ७१ हजार १७४ पुरुष, ६९ हजार ६८३ महिलासहित एक लाख १० हजार ८ सय ५७ मतदाता, ६७ वटा मतदानस्थल र १ सय ६४ वटा मतदान केन्द्र रहेका छन्। क्षेत्र नम्बर २ मा ७३ हजार ९ सय ५० पुरुष, ७३ हजार ५ सय ६७ महिला र अन्य पाँचसहित एक लाख ४७ हजार ५२२ मतदाता रहेका छन्। यहाँ ४९ वटा मतदानस्थल र १ सय ६५ वटा मतदान केन्द्र रहेको कार्यालयले जनाएको छ।

यसैगरी क्षेत्र नम्बर १मा ६५ हजार ८ सय ५८ पुरुष, ६५ हजार २ सय ९ महिलासहित ४३ वटा मतदानस्थल र १४५ मतदान केन्द्र रहेको कार्यालय प्रमुख नेपालले जानकारी दिए।

## मोरङमा ...

दिन्छ। परम्परागत रूपमा प्रतिस्पर्धी मानिने मोरङ-४मा यसपटक २० जना उम्मेदवार मैदानमा छन्। यस क्षेत्रमा पूर्वमन्त्री तथा नेकपा (माओवादी केन्द्र)का नेता अमनलाल मोदी, नेपाली कांग्रेसका महामन्त्री गुरुराज घिमिरे, नेकपा (एमाले)का केन्द्रीय सदस्य जीवन घिमिरे र राष्ट्रिय स्वतन्त्र पार्टीका सन्तोष राजवंशीजस्ता प्रभावशाली उम्मेदवारबीच कडा प्रतिस्पर्धा हुने अनुमान छ। मोदी यही क्षेत्रबाट तेस्रोपटक संसद प्रवेश गर्ने प्रयासमा छन्।यस्तो प्रतिस्पर्धी घेराभित्र लिम्बूको उम्मेदवारीले चुनावी गणितभन्दा बाहिर गएर सामाजिक चेतना र समावेशिताको बहसलाई प्राथमिकता दिएको विश्लेषकहरूको निष्कर्ष छ। लिम्बूले बिराटनगरमा पत्रकार सम्मेलन गरी गगन थापा, रवि लामिछाने, बालेन्द्र शाह, पुष्पकमल दाहाल, केपी शर्मा ओली, राजेन्द्र लिङ्देन र कुलमान घिसिङलगायत देशका प्रभावशाली नेताहरूलाई सार्वजनिक रूपमा समर्थनको आह्वान गरेकी छन्। 'समावेशिता कुनै दलको एजेन्डा होइन'- उनी भन्छिन्- 'यो लोकतन्त्रको आधारभूत शर्त हो। लोकतन्त्रले सबै नागरिकलाई समान रूपमा देख्नु र सुन्नुपर्छ।'

स्थानीय मतदाताको प्रतिक्रिया मिश्रित छ। कतिपयले यसलाई नेपाली समाजको बदलिँदो चेतनाको संकेतका रूपमा लिएका छन् भने कतिपयले अझै पूर्वाग्रह र असहजता व्यक्त गरेका छन्। तर, लिम्बू चुनौतिबाट पछि हट्ने पक्षमा छैनन्। 'पूर्वाग्रह तोड्नु नै मेरो राजनीतिक कदम हो'- उनी भन्छिन्- 'यदि म डराएर चुनावी मैदानमा नउत्रिए परिवर्तनको कुरा गर्नु बेइमानी हुन्छ।'

विश्लेषकहरूका अनुसार लिम्बूको कदमले यसपटकको निर्वाचनलाई सत्ता प्रतिस्पर्धामा सीमित नराखी अधिकार, पहिचान र लोकतन्त्रको वास्तविक अर्थमाथि बहसको केन्द्रमा ल्याएको छ। मोरङ-४को नतिजा जे भए पनि तेस्रो लिंगी उम्मेदवारको यो ऐतिहासिक उपस्थितिले नेपाली राजनीतिमा छुट्टै अध्याय थप्ने उनीहरूको आँकलन छ।

समावेशिताको नारा धेरैले प्रयोग गरे पनि त्यसको मूल्य चुकाउन थोरैले मात्र तयार हुने राजनीतिक परिवेशमा लिम्बूको उम्मेदवारीले नेपाली लोकतन्त्रको साहस र इमान्दारीको परीक्षा लिइरहेको देखिन्छ।

## झापामा ...

वितरण, स्वास्थ्यकर्मी परिचालन, तालिम, अनुगमन र प्रचारप्रसारमा करिब ६ करोड रुपैयाँ खर्च हुने अनुमान गरिएको छ।

इपीडीमियोलोजी तथा रोग नियन्त्रण महाशाखाका प्रतिनिधि राम रोकायले नेपाल सरकारले सन् २०३०सम्ममा हात्तीपाइले रोग पूर्ण रूपमा उन्मुलन गर्ने राष्ट्रिय लक्ष्य लिएको जानकारी दिए। नेपालका ६४ जिल्लामा कहिले-कहिले यो रोगको लक्षण देखिएको थियो'- रोकायले भने- 'त्यसमध्ये ५७ जिल्लामा रोग उन्मुलन भइसकेको छ। अहिले पाँच जिल्लामा मात्र सक्रिय कार्यक्रम सञ्चालनमा छ भने दुई जिल्लामा रगत सर्वे भइरहेको छ।' उनका अनुसार झापा ती सीमित जिल्लामध्ये एक हो जहाँ रोगको सर्कुलेसन अझै रोकिएको छैन।

**शिक्षित समुदाय नै औषधि नखाने**

कार्यक्रममा प्रस्तुत गरिएको तथ्याङ्क अनुसार औषधि सेवन अभियानमा सबैभन्दा ठूलो चुनौती शिक्षित समुदायको सहभागिता कम हुनु रहेको देखिएको छ।

'अशिक्षित वा ग्रामीण समुदायभन्दा शिक्षितवर्गले नै औषधि नखाने प्रवृत्ति देखिएको छ'- जिल्ला स्वास्थ्य कार्यालयका एक अधिकारीले भने- 'साइड इफेक्टको डर, अफवाह र लापरवाहीका कारण अभियानको प्रभाव घट्ने जोखिम छ।' स्वास्थ्यकर्मीका अनुसार औषधि सेवन नगरेको थोरै समूहले पनि रोगको सर्कुलेसन कायम राख्न सक्ने भएकाले ८० प्रतिशतभन्दा बढी जनसंख्यालाई औषधि खुवाउनु अनिवार्य छ।

**सञ्चारकर्मीको प्रतिबद्धता**

जिल्ला समन्वय समिति झापाका प्रमुख विश्वनाथ बरालको अध्यक्षतामा सम्पन्न कार्यक्रममा नेपाल पत्रकार महासंघ झापाका अध्यक्ष एकराज गिरी, पूर्वअध्यक्ष कृष्ण हुमागाँईलगायत सञ्चारकर्मीहरूले अभियान सफल बनाउन सञ्चारमाध्यममार्फत निरन्तर सहयोग गर्ने प्रतिबद्धता जनाएका थिए।

'हात्तीपाइलेजस्तो रोग उन्मूलन गर्न जनचेतना सबैभन्दा महत्वपूर्ण पक्ष हो'- गिरीले भने- 'सञ्चारकर्मीको भूमिका बिना यो अभियान सफल हुँदैन।' कार्यक्रम फेयरमेड, एनएलटी, एनएलपी, द लेप्रोसी मिसन नेपाललगायत संस्थाको सहकार्यमा सञ्चालन भइरहेको छ। कार्यक्रमको सञ्चालन जिल्ला स्वास्थ्य कार्यालय झापाका अधिकृत विश्वनाथ श्रेष्ठले गरेका थिए।

**रोग उन्मुलनको अन्तिम चरण**

स्वास्थ्य अधिकारीहरूका अनुसार झापा हात्तीपाइले उन्मुलनको अन्तिम चरणमा पुगेको जिल्ला हो। तर, थोरै संक्रमित र औषधि नखाने समूहका कारण लक्ष्य हासिल गर्न चुनौति थपिएको छ।

'यो अभियान सफल भयो भने झापालाई पनि निकट भविष्यमै हात्तीपाइले मुक्त जिल्ला घोषणा गर्न सकिन्छ'- प्रमुख दासले भने- 'सबै नागरिकले औषधि सेवन गरेर साथ दिनु नै अहिलेको सबैभन्दा ठूलो आवश्यकता हो।' सन् २०३० सम्म देशबाट हात्तीपाइले रोग पूर्ण रूपमा हटाउने राष्ट्रिय लक्ष्यलाई सार्थक बनाउन झापामा शुरु भएको यो अभियान निर्णायक चरणको परीक्षणका रूपमा हेरिएको छ।

**विदेश जान समेत कडाइ**

विभिन्न राष्ट्रले हात्तीपाइले रोग संक्रमित व्यक्तिलाई कामदारका रुपमा लान छाडेको बताउँदै विश्व स्वास्थ्य संगठन (डब्लूएचओ) प्रतिनिधि खनियाले पछिल्लो समय मलेसियाले तीन जना नेपालीलाई फिर्ता गरेको उल्लेख गरे।

मलेशियामा स्वास्थ्य परीक्षणका क्रममा हात्तीपाइले रोगको लक्षण देखा परे तुरुन्त त्यस्ता व्यक्तिलाई सम्बन्धित देश फर्काइन्छ- उनले भने- पछिल्लो समय कामको खोजीमा मलेशिया पुगेका तीन जना झापालीलाई मलेशियाले फर्काएको थियो।

## धितो ...

स्मरण गर्न उनले आग्रह गरे। आफूले महोत्तरीस्थित रास्वपा वरिष्ठ नेता बालेन शाहको घरअघि सडक, पुल निर्माण गरिदिएको तर झापामा बालेनले के गरेका छन् ? भन्दै प्रश्न गरे।

साहले काठमाडौंका सुकुम्वासीहरुको उठिवास गराएको देखेर झापाका सुकुम्वासीहरुले आफूलाई झापाबाट पनि भगाउने हुन् कि भन्ने डर पैदा भएको गुनासो गरेको बताए। हरेक निर्वाचन क्षेत्रमा पर्यटक उम्मेदवारलाई नभइ स्थानीय उम्मेदवारलाई मतदान गरेर जिताउनुपर्ने उनको भनाइ थियो। उनले नेकपा एमाले बहुमत ल्याउन, सांसद बन्न, मन्त्री, प्रधानमन्त्री बन्नका लागि मात्रै नभइ देश जोगाउन, शान्ति सुव्यवस्था कायम गर्नका लागि र संविधानलाई लयमा ल्याउनका लागि संघर्ष गरिरहेको दावी गरे।

## कुक ...

भएको प्रहरीले जनाएको छ।

पक्राउ परेका श्रेष्ठ उपर थप अनुसन्धान तथा आवश्यक कारबाहीका लागि वैदेशिक रोजगार विभाग ताहाचल पठाइएको छ।

भारतका प्रतिष्ठित अस्पतालबाट आउनुभएका विशेषज्ञ डाक्टरहरूको दैनिक सेवा अब बिर्तामोडमै

डा. प्रशिद्ध ढकाल
MBBS, MD (PGI, Chandigarh), DM (AIIMS, New Delhi) Advanced Management of Diabetes (USA)
बरिष्ठ मधुमेह (सुगर), थाइरोइड, हर्मोन रोग विशेषज्ञ

डा. बबिता शर्मा
MBBS, MD (PGI, Chandigarh)
Ex-Scientist ICMR/AIIMS New Delhi
बरिष्ठ मानसिक रोग विशेषज्ञ

डा. विधान न्यौपाने
Consultant Dermatologist
MBBS (T.U.), MD (K.U.)
छाला रोग विशेषज्ञ
दैनिक बिहान ९:00 बजेदेखि १0:00 बजेसम्म
दिउँसो २:00 बजेदेखि ५:00 बजेसम्म

डा. रोहित पंजियार
MBBS, MD (PGI, Chandigarh)
बरिष्ठ छाला, कपाल, सौन्दर्य, यौन, कुष्ठरोग बिशेषज्ञ
महिनाको अन्तिम शुक्रबार र शनिबार

आर. आर. पोलिक्लिनिक
अन्नपूर्ण चोक, भद्रपुररोड (भद्रपुर बस स्टेण्डसगै), बिर्तामोड-४, झापा
०२३-५९११७४, ९८२०४९११७४

श्रीअन्तु प्रकाशन प्रा.लि.द्वारा प्रकाशित तथा मुद्रित – कार्यालय : बिर्तामोड–१, झापा ■ प्रकाशक : भरतलाल गिरी, ■ अध्यक्ष : टोरूप प्रसाई, ■ व्यवस्थापक : चन्द्रकान्त ढकाल (९८४४६४२०९५/ ९८१७९९०२९९) ■ प्रकाशन सहयोगी : भानुप्रसाद शिवाकोटी ■ सम्पादक : एकराज गिरी
■ कार्यकारी व्यवस्थापक : होमप्रकाश अधिकारी (९८४२६३४७४०) ■ सह–सम्पादक : सुरेन्द्र भण्डारी ■ अनलाइन संयोजक : नरेन्द्र ढकाल ■ डेस्क सम्पादक : लक्ष्मण ढकाल ■ लेखा : सोमनाथ भण्डारी ■ बजार व्यवस्थापक : लीला आचार्य (९८१४०१८५७१) ■ कम्प्युटर : रुपा मुखिया/ सन्तोष अधिकारी
■ बिर्तामोड प्रतिनिधि: गोपाल अधिकारी–९८०७९१०२२२/सञ्जय श्रेष्ठ ९८०६०३३१५३ ■ प्रोसेसिङ : गोपाल मण्डल ■ प्राविधिक : बद्री महतारा (कार्यालय फोन : ०२३–५३१००२/प्रशासन/विज्ञापन : ०२३–५३००४४) Email: purwanchal2052@gmail .com

पूर्वाञ्चल

## सम्पादकीय

### ज्ञानको पर्व बसन्त पञ्चमी

**आज माघ शुक्ल पञ्चमी । आजको दिनलाई बसन्त पञ्चमी पर्व पनि भनिन्छ । वैदिक सनातन हिन्दू धर्म अनुसार आज विशेषगरी ज्ञान र चेतनाकी देवी सरस्वती माताको विशेष पूजा–आराधना गरिन्छ । यही दिन विशेष साधनाका साथ बसन्त श्रवण गर्ने परम्परा छ । ज्ञान, वाणी, बुद्धि तथा विवेककी अधिष्ठात्री देवीका रुपमा सरस्वतीको पूजा तथा आराधना गर्ने शास्त्रीय परम्परा रहेको छ । आजको शुक्लपक्षको पञ्चमी तिथि पूर्ण तिथि र गुप्त नवरात्रको समय रहेकाले आज गरिने पूजापाठ विद्या तथा ज्ञान सम्बन्धी विभिन्न कला ग्रहण तथा साधना गरे सफल हुँइन्छ भन्ने मान्यता रहेको छ । जुनसुकै राम्रो कामको शुभारम्भ गर्दा सफल हुने विश्वासका साथ आज विभिन्न शुभ कर्म पनि गर्ने गरिएको छ ।**

**विद्या आर्जनको प्रारम्भ गर्ने उमेरका बालबालिकालाई यही दिनदेखि अक्षर शुभारम्भ गरे पूर्ण ज्ञान प्राप्त गर्ने शास्त्रीय मान्यता छ । त्यस्तै बालबालिकाको नाक, कान छेडेर फुली, मुन्द्री लगाइदिए दीर्घायु तथा अटल सौभाग्य प्राप्त गर्न सरस्वतीको पूर्ण कृपा रहने धार्मिक विश्वास छ । खासगरी नेपाल र भारतमा विशेष उत्सवका रुपमा मनाइने यो दिनलाई सरस्वती पूजा भनिन्छ र विद्यालय एवम् शिक्षण संस्थाहरुमा घुमघामका साथ मनाइन्छ । भगवान नारायणले वाल्मीकिलाई सरस्वतीको मन्त्र बताउनु भएको र त्यही मन्त्रको साधनाबाट वाल्मीकिमा कवित्व शक्ति प्राप्त भएको मानिन्छ । सरस्वती देवीकै साधनाबाट व्यास, वसिष्ठ, विश्वामित्र, शौनकऋषिहरु पनि कृतार्थ भए । त्यही कृपाबाट उनीहरु महर्षि भए हिन्दू समाजमा श्रद्धेय भए भन्ने विश्वास छ ।**

**ऋतुहरुको राजा बसन्तको आगमनको पूर्व सन्ध्यामा पर्ने माघ महिना शुक्ल पक्षको पञ्चमी तिथिदेखिको समयलाई गर्भकाल पनि भनिन्छ । आजकै दिनको चालीस दिनपछि फागु पूर्णिमा आउने हुँदा बसन्त ऋतुको गर्भकालको पहिलो दिन बसन्त पञ्चमीका रुपमा मनाउने परम्परा रहेको छ । आज काठमाडौंको बसन्तपुर दरबारको हनुमान ढोका अगाडिको चोक राष्ट्र प्रमुखको उपस्थितिमा बसन्त श्रवण गर्ने र वासन्तिक रागको गायन गर्ने परम्परा छ । यही समयदेखि आँप, कटहर लगायतका बिरुवामा नयाँ पालुवा पलाउन थाल्छ, चराचुरुङ्गीले सुमधुर स्वरमा गीत गाउन थाल्छन् । यसरी विभिन्न प्राणी र वनस्पति समेतको नवसृजनाको तयारी थाल्ने भएकाले यस पर्वको विशेष महत्त्व रहेको छ ।**

**संस्कृति, परम्परामा समृद्ध हाम्रा पर्वहरु पनि हाम्रा समृद्धिका कारक हुन् । यस्ता चाडपर्वहरुले फरक–फरक भूगोलमा बसे पनि हामीलाई जोड्ने काम गर्छ । यीनले हाम्रो जातीय र क्षेत्रीय पहिचान पनि दिलाउँछ । मनभित्रका कलुषित भावहरुलाई पखाल्न र सदाचारी बन्न प्रेरणा दिन्छ । विद्याकी देवी सरस्वतीले सबैको मनको कल्मष भावना र दुर्विचारलाई ज्ञानरुपी चेतनाले पवित्र पारिदिउन् । सरस्वती माताकै कृपाले खासगरी हाम्रा नेताहरु सकारात्मक, सृजनात्मक, सद्भावपूर्ण र सहिष्णु बनून् । त्यति भए बालबालिका, शिक्षार्थी, सर्जक तथा पौरखी नेपालीको जय हुन्छ, सरस्वती पूजा तथा बसन्त पञ्चमीको शुभकामना ।**

## सरस्वती पूजा

# कर्मकाण्डभन्दा चेतनाको परीक्षा



**त्रिलोचन कोइराला**



सरस्वती पूजा केवल एक दिनको धार्मिक कर्मकाण्ड होइन, यो सभ्यताको दीर्घ स्मृतिमा गाँसिएको ज्ञान-चेतनाको उत्सव हो । जब माघ महिनाको शुक्ल पक्षको पञ्चमी अर्थात् माघ ९ गते नजिकिन्छ, तब विद्यालयका प्राङ्गण, पुस्तकालयका कोठा र घरका कुनाकन्दरामा सेतो रङको मौन उपस्थितिले संकेत दिन थाल्छ- ज्ञानको आराधनाको दिन आउँदैछ । सरस्वती पूजा आउँछ, तर प्रश्न सधैँ उही रहन्छ- के हामी ज्ञानको पूजा गर्दैछौं, कि केवल परम्पराको ?

देवी सरस्वती हिन्दू दर्शनमा केवल देवीका रूपमा सीमित छैनन् । उनी चेतनाको रूप हुन्, शब्दको सार हुन् र मानवलाई पशुत्वबाट अलग गर्ने बौद्धिक क्षमताको प्रतीक हुन् । 'वाक्'का रूपमा उनको उपस्थिति सृष्टिको आरम्भसँग जोडिन्छ । जहाँ शब्द जन्मिन्छ, त्यहीँ विचार जन्मिन्छ र जहाँ विचार हुन्छ, त्यहीँ परिवर्तन सम्भव हुन्छ । त्यसैले सरस्वती पूजा भन्नु नै परिवर्तनको सम्भावनाको पूजा हो । तर आजको समाजमा परिवर्तन शब्दमै सीमित हुँदै गएको छ, चेतनामा होइन ।

सेतो वस्त्रमा सजिएकी सरस्वती शुद्धताको प्रतीक हुन् । उनको हातमा रहेको पुस्तक निरन्तर अध्ययन र आत्मअनुशासनको संकेत हो । वीणाले जीवनको लय, सन्तुलन र सौन्दर्यको महत्त्व सम्झाउँछ । यी सबै प्रतीकहरू आजको जीवनशैलीसँग टकराइरहेका छन् । हामी छिटो परिणाम चाहन्छौं तर धैर्यपूर्वक अध्ययन गर्न चाहँदैनौं । हामी बोल्न चाहन्छौं, तर सुन्न चाहँदैनौं । हामी जानकारी जम्मा गर्छौं, तर ज्ञान आत्मसात् गर्दैनौं । यस्तो परिवेशमा सरस्वती पूजा एउटा मौन आलोचना जस्तै देखिन्छ- हामीलाई हेरेर चुपचाप प्रश्न गरिरहेकी ।

आज शिक्षाको विस्तार भएको छ, तर चेतनाको गहिराइ घटेको छ । विद्यालय र कलेजको संख्या बढेको छ, तर पुस्तकसँगको सम्बन्ध कमजोर भएको छ । विद्यार्थीहरू परीक्षा पास गर्न पढ्छन्, बुझ्न होइन । प्रश्न सोध्नु जोखिम मानिन्छ, मौन बस्नु सुरक्षित ठानिन्छ । यस्तो शिक्षा प्रणालीले ज्ञान उत्पादन गर्दैन, आज्ञाकारी जनशक्ति उत्पादन गर्छ । सरस्वती पूजा यसै व्यवस्थामाथि प्रश्न उठाउने दिन हो- के शिक्षा केवल रोजगारीका लागि हो, कि समाज रूपान्तरणका लागि ?

धार्मिक दृष्टिले सरस्वती पूजा आत्मशुद्धिको अभ्यास हो । अज्ञान सबैभन्दा ठूलो पाप मानिन्छ, किनकि अज्ञानबाटै अन्याय, हिंसा र विभेद जन्मिन्छ । तर आधुनिक समाजमा अज्ञानलाई ढाकछोप गरिएको छ- डिग्रीको आवरणमा, पदको खोलभित्र । मानिसहरू शिक्षित छन्, तर पूर्वाग्रहबाट मुक्त छैनन् । तर्क गर्न जान्दछन्, तर सहिष्णु हुन सक्दैनन् । यस्तो विरोधाभासबीच सरस्वती पूजा आउँछ र हामीलाई सम्झाउँछ- ज्ञान भनेको अहंकार होइन, विनम्रता हो ।

राजनीतिक र सामाजिक सन्दर्भमा सरस्वती सधैँ असजिलो पात्र रहिआएकी छन् । किनकि ज्ञानले प्रश्न गर्छ, विवेकले हिसाब माग्छ । सत्ता प्रश्नबाट डराउँछ, त्यसैले अज्ञानलाई मलजल गर्छ । प्रश्न नगर्ने समाज सजिलै चलाइन्छ, भावनाले भरिएको भीड सजिलै उचालिन्छ । यही कारणले शिक्षा र अनुसन्धान प्राथमिकताको सूचीमा तल धकेलिन्छ । भाषणमा ज्ञानको प्रशंसा हुन्छ, तर व्यवहारमा उपेक्षा । सरस्वती पूजा यसै पाखण्ड माथि चोट गर्ने अवसर हो ।

भाषा सरस्वतीको सबैभन्दा नजिकको रूप हो । भाषा कमजोर हुँदा सोच कमजोर हुन्छ, सोच कमजोर हुँदा समाज दिशाहीन हुन्छ । आज मातृभाषा बोल्न हिच्किचाउने प्रवृत्ति बढ्दै गएको छ । साहित्य पढ्नु समयको बर्बादी ठानिन्छ, गहिरो चिन्तनलाई अप्रासंगिक । सामाजिक सञ्जालमा छिटो प्रतिक्रिया लोकप्रिय छ, गहिरो विचार बोझिलो । यस्तो अवस्थामा सरस्वती पूजा भाषा र साहित्यको रक्षा गर्नुपर्ने चेतावनीजस्तै देखिन्छ ।

घर-घरमा सरस्वती पूजा हुँदा बालबालिकाले किताब र कलम अगाडि राखेर आशिष् माग्छन् । तर त्यो आशिष परीक्षामा राम्रो अंकका लागि मात्र सीमित हुनु दुःखद् हो । सरस्वतीको आशिष् भनेको सत्य बोल्ने साहस हो, अन्याय देख्दा चुप नलाग्ने चेतना हो र आजीवन सिकिरहने अनुशासन हो । यदि बालबालिकालाई प्रश्न गर्न नदिइने, गल्ती गर्न नदिइने र फरक सोच्न दण्डित गरिने वातावरण छ भने त्यहाँ गरिएको सरस्वती पूजा केवल औपचारिकता हुन्छ ।

माघ ९ गते पर्ने सरस्वती पूजा हाम्रो पात्रोमा एउटा दिन मात्र हो, तर यसको अर्थ समयभन्दा पर छ । यो दिनले हामीलाई सम्झाउँछ- ज्ञान सजावट होइन, साधना हो । पुस्तक पूजा गरेर धुलो लाग्न दिने हो भने त्यो पूजा होइन, उपहास हो । सरस्वती पूजा भनेको पढ्ने प्रतिज्ञा हो, लेख्ने साहस हो र बुझ्ने धैर्य हो । आजको समाज भावनात्मक उत्तेजनाले भरिएको छ । सत्यभन्दा अफवाह छिटो फैलिन्छ, विचारभन्दा नारा छिटो बिक्छ । यस्तो समयमा सरस्वतीको शान्त उपस्थितिले एउटा फरक बाटो देखाउँछ- ढिलो तर गहिरो, शान्त तर स्थायी । ज्ञानको बाटो कहिल्यै भीडको रोजाइ हुँदैन, तर सभ्यताको भविष्य त्यहीँ निर्भर हुन्छ ।

अन्ततः सरस्वती पूजा देवीलाई खुशी पार्नका लागि होइन, आफूलाई जिम्मेवार बनाउनका लागि हो । अज्ञान अगाडि नझुक्ने संकल्प, प्रश्न गर्न नडराउने साहस र सत्यका पक्षमा उभिने नै सरस्वतीप्रतिको वास्तविक श्रद्धा हो । माघ ९ गते हामी फूल चढाउँछौं, तर त्यो फूलसँगै एउटा प्रश्न पनि चढाऔं- के हामी सचेत नागरिक बन्न तयार छौं ?

यदि यो प्रश्नले हामीलाई असहज बनाउँछ भने त्यही असहजता नै सरस्वती पूजाको सार हो । ज्ञान सधैँ आरामदायी हुँदैन, तर मुक्ति सधैँ त्यहीँबाट शुरु हुन्छ ।



# श्रीपञ्चमी अर्थात् सरस्वती पूजाको महत्व

माघशुक्ल पञ्चमीलाई श्रीपञ्चमी भनिन्छ । यसै दिनलाई सरस्वती जयन्ती तथा बसन्त पञ्चमी पनि भनिन्छ । यस दिन रति र कामदेवको पूजा गरिन्छ । यस दिन सरस्वती जयन्ती भएकाले विशेषगरी सरस्वती पूजा, उपासना गर्ने विधान छ । सरस्वती भनेकी विद्याकी अधिष्ठात्री देवता हुन् । सरस्वतीको पूजा गर्दा विद्या अर्थात् ज्ञान प्राप्त हुन्छ । विद्याकी अधिष्ठात्री सरस्वती माताको पूजा गर्दा सर्वप्रथम ध्यान गरी उहाँको यसप्रकार प्रार्थना गर्नुपर्दछ ।

*सरस्वी मया दृष्टा वीणा पुस्तक धारिणी ।*
*हंस वाहन सयुक्ता विद्यादानं करोतु मे ॥*

*या कुन्देन्दुतुषारहारधवला या शुभ्रवस्त्रावृता,*
*या वीणा वरदण्डमण्डितकरा या श्वेतपद्मासना ।*
*या ब्रह्माच्युतशङ्कर प्रभृतिभिर्देवैः सदा वन्दिता,*
*सा मां पातु सरस्वती भगवती निःशेषजाड्यापहा ॥*

अर्थात् सरस्वती माता कुन्द पुष्प जस्तै सेतो वर्ण भएकी, चन्द्रमा जस्तै, हिउँ जस्तै र हार अर्थात् मोतीको माला जस्तै सेतो वर्ण भएकी हुनुहुन्छ । जसले सेतो र सफा वस्त्र धारण गर्नुभएको छ । जसका हातमा वीणा, दण्ड र पुतस्तक शोभायमान भएका छन् । जो सेतो कमलका आसनमा बस्नुभएको छ । जसको वाहन हाँस छ । जसलाई ब्रह्मा, विष्णु र शङ्कर आदि सम्पूर्ण देवताहरू सधैँ उपासना गर्दछन्, अभिवादन गर्दछन् । ती ऐश्वर्य सम्पन्न सरस्वती माताले मेरो जडता अर्थात् अज्ञानलाई नाश गरी विद्या अर्थात् ज्ञान प्रदान गर्दै मेरो सदा सर्वदा रक्षा गरुन् ।

यसरी ध्यान र प्रार्थना गरी वस्त्र, सौभाग्य, द्रव्य, चन्दन, अक्षता, फूलपाती, सिन्दूर, अबीर आदि पूजाका सामग्रीले पूजा गरी धूप, बत्ती, नैवेद्य, नरिवल, सुपारी फलफूल र भेटीघाटी अर्पण गरी नीराजन अर्थात् आरती गरेर पुष्पाञ्जलि समेत गरी बडो श्रद्धा एवम् भक्ति साथ पूजा आराधना गर्नुपर्दछ । यसरी श्रद्धासाथ गरेको सरस्वतीको उपासनाबाट असल विद्या प्राप्त गर्न सकिन्छ । विद्या भनेको ज्ञान हो । ज्ञानले मानिसका भित्री आँखा खुलाइदिन्छ ।

*विद्या ददाति विनयं विनयाद् याति पात्रताम् ।*
*पत्रत्वाद् धनमाप्नोति धनाद् धर्मं ततः सुखम् ॥*
*पञ्चतन्त्र ।*

अर्थात् विद्याले विनय वा नम्रता प्रदान गर्दछ । विनयबाट सत्पात्रता आउँछ, अर्थात् विनयी वा नम्र मानिसलाई सबैले असल मानिस भन्दछन् र सम्मान गर्दछन् । सत्पात्र भएपछि सात्विक धन अर्थात् शुद्ध धन ऐश्वर्य प्राप्त हुन्छ । शुद्ध धनबाट धर्म कार्य हुन्छ । अनि धर्मबाट सुख प्राप्त हुन्छ ।

*न चौरहार्यं न च राजहार्यं नभ्रातृभाज्यं न च भारकारि ।*
*व्यये कृते वर्धत एव नित्यं, विद्याधनं सर्वधनप्रधानम् ॥*

अर्थात् विद्या यस्तो धन हो, जसलाई चोरले पनि चोर्न सक्दैन, राजाले पनि हरण गर्न सक्दैनन्, दाजुभाइमा अंशवण्डा पनि गर्नुपर्दैन, साथमा बोक्दा गह्रौं भारी पनि हुँदैन । अरू धन जति खर्च गऱ्यो उति घट्छ, तर विद्यारूपी धन यस्तो छ कि जति खर्च गऱ्यो उति नै बढ्छ, घट्दैन ।

स्वदेशे पूज्यते राजा विद्वान् सर्वत्र पूज्यते । अर्थात् राजा आफ्ना देशमा मात्र पूजित हुन्छन् भने विद्या पढेका मानिसलाई विद्वान् भनिन्छ । विद्वान् मानिसको जहाँ पनि पूजा गरिन्छ, सम्मान गरिन्छ ।

*विद्यानाम नरस्य रूपमधिकं प्रच्छन्नगुप्तं धनम्,*
*विद्याभोगकरी यशःसुखकरी विद्या गुरुणां गुरुः ।*
*विद्या बन्धुजनो विदेशगमने विद्या परा देवता,*
*विद्या राजसु पूज्यते न हि धनं विद्याविहीनः पशुः ॥*

अर्थात् मनुष्य रूपमा जस्तोसुकै नराम्रो छ भने पनि यदि विद्या पढेको छ भने त्यो मानिस सुन्दर ठहरिन्छ । विद्या लुकेर सुरक्षित रहेको धन हो । विद्या पढेका मानिसले राम्रो सुख भोग गर्न पाउँछ । विद्या पढेका मानिसको यश कीर्ति फैलिन्छ । विद्या गुरुको पनि गुरु हो । विदेशमा जाँदा विद्याले नै बन्धु जस्तो भएर सहयोग गर्दछ । विद्या भनेको परम देवता स्वरूप हुन्छ । विद्या पढेको मानिस राजदरबारमा पनि पूजित हुन्छ । तर धनी मानिस सबै ठाउँमा पूजित हुँदैन । जसले विद्या पढेको छैन भने त्यो मानिस अज्ञानी र मूर्ख हुन्छ ।

त्यसलाई सबैले पशु जस्तै ठान्दछन् । त्यसकारण यस्तो उत्तम विद्या दिने सरस्वती माताको यस दिन पूजा आराधना गरेर उत्तम सम्पत्तिरूप विद्या आर्जन गर्नु मनुष्यको कर्तव्य हुन्छ । यस दिन सरस्वतीको पूजासहित साना बालबालिकाहरूलाई अक्षरारारम्भ गराई पढाउने पनि परम्परा छ । यस दिनदेखि हिउँदको चिसो घट्न शुरु गर्दछ र वसन्त ऋतु आगमन हुने संकेत देखिने हुँदा बसन्तोत्सव गर्ने विधान छ । यस दिनदेखि वर्षा लाग्छ, भन्ने पनि चलन छ । ॐ श्रीसरस्वत्यै नमः।

# हिमालय इङ्लिस स्कूलमा निःशुल्क स्वास्थ्य शिविर

□ **योगेन्द्र योगी**

**मोरङ, माघ ८ ।** मोरङको सुन्दरहरैंचा-१० मा अवस्थित हिमालय इङ्लिस स्कूलमा निःशुल्क स्वास्थ्य शिविर सञ्चालन भएको छ ।

हिमालय इङ्लिस स्कूलको आयोजना तथा नोबेल मेडिकल कलेजको सहकार्यमा एक दिवसीय निःशुल्क स्वास्थ्य शिविर सञ्चालन गरिएको हो । स्कूलले विद्यार्थी, अभिभावक तथा स्थानीय वडाबासी लक्षित गरी निःशुल्क स्वास्थ्य शिविर सञ्चालन गरिएको छ । निःशुल्क स्वास्थ्य शिविरबाट एक हजार जनाले सेवा लिएको स्कूलका प्रिन्सिपल कमल खनालले जानकारी दिए । प्रिन्सिपल खनालले निःशुल्क स्वास्थ्य शिविरबाट अपेक्षा गरिएभन्दा धेरै व्यक्तिले सेवा लिएको बताए ।

स्थानीय समुदायको लागि स्वास्थ्य सचेतना र स्वास्थ्य सेवामा पहुँच वृद्धि गर्न शिविरले महत्वपूर्ण भूमिका खेलेको उनले बताए । उनले यस प्रकारका कार्यक्रमहरूले उच्च शिक्षालयमा सकारात्मक प्रभाव पार्ने विश्वास पनि व्यक्त गरे । स्वास्थ्य शिविरमा सहभागीहरू मध्ये धेरैले स्वास्थ्य सम्बन्धी परामर्श पनि पाएका थिए ।

शिविरमा विभिन्न रोगका डाक्टरसहित २० चिकित्सकले सेवा दिएको नोबेल मेडिकल कलेजका जनसम्पर्क अधिकृत नवीन दाहालले बताए ।

हिमालय इङ्लिस स्कूलले विद्यालयले यस्ता सामाजिक उत्तरदायित्वका कार्यक्रमहरू निरन्तर सञ्चालन गर्दै समुदायप्रति आफ्नो दायित्व पूरा गर्दै आएको जनाएको छ । आगामी दिनहरूमा पनि यस्ता सामाजिक कार्यहरूलाई निरन्तरता दिने र समुदायको सेवा गर्ने प्रतिबद्धता जनाएको छ ।






ज्यो. पं. खेमप्रसाद पौडेल
फोन सम्पर्क नं. : ९८५११५४६९९

**मेष (चु, चे, चो, ला, लि, लु, ले, लो, अ)** आजको दिन समयले साथ दिएको छ, अकस्मात धन आगमन हुने योग छ, पारिवारिक जमघट हुने दिन छ ।

**बृष (इ, उ, ए, ओ, बा, बि, बु, बे, बो)** तपाईंको बुद्धिको उपयोगले धन आर्जन गर्ने समय आएको छ, आफ्नो विचारले धेरैलाई प्रभावित बनाउन सकिने छ ।

**मिथुन (का, कि, कु, घ, ङ, छ, के, को, ह)** धार्मिक तिर्थयात्रा हुनेछ, यो समयमा साथीभाइको पूर्ण सहयोग पाइनेछ, पराक्रममा वृद्धि हुनेछ, आजबाट शत्रुमाथि विजय प्राप्तिको योग छ ।

**कर्कट (हि, हु, हे, हो, डा, डि, डु, डे, डो)** समय अत्यन्तै बलवान छ, मान-सम्मानमा वृद्धि हुनेछ, शुखद् खबर सुनिने छ, व्यापार-व्यावसायमा भने सन्तोषजनक मात्र नतिजा प्राप्त हुनेछ ।

**सिंह (मा, मि, मु, मे, मो, टा, टि, टु, टे)** स्वास्थ्य प्रतिकुल बनेर जानेछ, अनावश्यक झमेलामा फसिने योग रहेको छ, यो अवधिभर कसैसँग वादविवाद नगर्नुहोला ।

**कन्या (टो, प, पि, पु, ष, ण, ठ, पे, पो)** यथेष्ट धन लाभको योग छ, बोली तथा वाणीको प्रभावमा वृद्धि हुनेछ, मिष्ठान्न भोजनको योग हुनाले मन प्रफुल्ल रहला ।

**तुला (र, रि, रू, रे, रो, ता, ति, तु, ते)** दिन शुभ रहेको छ, बोलिको भरमा इज्जत बढ्ने योग आएको छ, स्वास्थ्यमा समस्या देखिन सक्छ, सतर्क रहनुहोला ।

**बृश्चिक (तो, ना, नि, नु, ने, नो, या, यि, यु)** पराक्रम बढेर जानेछ, बिग्रन लागेको काम बनिनाले हौशला बढ्नेछ, छोटो दुरीको यात्रा हुनेछ, मन हर्षित रहला ।

**धनु (ये, यो, भ, भि, भु, ध, फा, ढ, भे)** मनमा खुशी बढेर जानेछ, पति-पत्नीबीच सद्भाव बढ्नेछ, रमाइलोमा खर्च हुने समय छ, शुभ समाचारको योग छ ।

**मकर (भो, ज, जि, खि, खु, खे, खो, गा, गि)** कार्यसिद्धी हुने दिन छ, मान-सम्मानमा वृद्धि हुनेछ, भाग्यले साथ दिनेछ, थोरै पारिवारिक झमेला व्यहोर्नुपर्ने हुन सक्छ ।

**कुम्भ (गु, गे, गो, सा, सि, सु, से, सो, द)** अधुरा रहेका कामहरू सिद्ध हुने दिन आएको छ, उच्च अधिकारीबाट साथ, सहयोग र हौशला मिल्नाले मन हर्षित हुनेछ ।

**मीन (दि, दु, थ, झ, ञ, दे, दो, च, चि)** मन अशान्त रहन सक्छ, पारिवारिक कारणले मनमा चिन्ता बढ्नेछ, व्यर्थको यात्रा गर्नुपर्नेछ, खर्च बढेर जानेछ खर्चिलो योग रहेको छ ।

**मिति २०८२/१०/०८ बिहीबारको सुनचाँदी मूल्य**

छापावाला सुन प्रति तोला रु. २,९५,६००।-

चाँदी प्रति तोला रु. ५,९३५।-



**तमोर नदीमा निर्माणाधीन पुल** | तेह्रथुम र पाँचथरको सिमाना तमोर नदीस्थित लुमुघाटमा निर्माणाधीन मोटरेवल पुल । यो पुलले तेह्रथुम सदरमुकाम म्याङलुङ र पाँचथर सदरमुकाम फिदिमलाई सबैभन्दा छोटो दूरी ५९ किमिमा जोड्ने छ । *तस्वीर : रासस*

# पेशागत बीमा अभिकर्ता संघ बिर्तामोडको पाँचौं अधिवेशन



**बिर्तामोड, माघ ८।** पेशागत बीमा अभिकर्ता संघ नेपाल, विमक समिति तथा नेपाल लाइफ इन्स्योरेन्स कम्पनी लिमिटेड बिर्तामोडको पाँचौं अधिवेशनबाट वेदनारायण गोदार अध्यक्षमा निर्वाचित भएका छन् । अधिवेशनले १५ सदस्यीय नयाँ कार्यसमिति सर्वसम्मत रूपमा चयन गरेको हो ।

नवगठित कार्यसमितिको उपाध्यक्षमा केदारनाथ ढुङ्गेल, सचिवमा बरुणकुमार माझी, सहसचिवमा यानुकुमारी गौतम र कोषाध्यक्षमा सुरेश गौतम चयन भएका छन् । त्यस्तै सदस्यहरूमा तारा बस्नेत, युवराज कटुवाल, चेत बानियाँ, शिवकुमार लिम्बू, चन्द्रबहादुर राई, कृष्ण सिग्देल, यशोदा राई, पूर्णिमा राजवंशी, रिमा राई र तुलसा वाराकोटी कुँवर चयन भएका छन् ।

तारा कार्कीको सभापतित्व तथा पेशागत बीमा अभिकर्ता संघ नेपाल, विमक समिति र नेपाल लाइफ इन्स्योरेन्स कम्पनी लिमिटेडका केन्द्रीय अध्यक्ष गणेश अधिकारीको प्रमुख आतिथ्यमा अधिवेशन सम्पन्न भएको हो । प्रमुख अतिथि अधिकारीले बीमा क्षेत्रमा अभिकर्ताको भूमिका अत्यन्त महत्वपूर्ण रहेको उल्लेख गर्दै अभिकर्ताको पेशागत मर्यादा, सीप र इमान्दारितामै बीमा क्षेत्रको विश्वसनीयता निर्भर रहने बताए । उनले संघले अभिकर्ताहरूको क्षमता अभिवृद्धि, अनुशासन र पारदर्शिताका विषयमा अझ सक्रिय भूमिका निर्वाह गर्नुपर्नेमा जोड दिए ।

कार्यक्रममा नव निर्वाचित अध्यक्ष गोदारले अभिकर्ताहरूको हकहित संरक्षण, पेशागत विकास र बीमा सेवाप्रति आमनागरिकको विश्वास बढाउने उद्देश्यका साथ संघलाई सक्रिय बनाइने प्रतिबद्धता व्यक्त गरे । उनले संघलाई तालिम, अभिमुखीकरण, अनुभव आदानप्रदान तथा आचारसंहिता कार्यान्वयनमा केन्द्रित गरिने बताए ।

नव निर्वाचित अध्यक्ष गोदारले पेशागत बीमा अभिकर्ता संघको जिल्ला समिति अभिकर्ताहरूको पेशागत संगठनका रूपमा काम गर्ने धारणा राख्दै अभिकर्ताहरूको हकहित संरक्षण गर्नु, पेशागत मर्यादा कायम गराउनु र बीमा व्यवसायलाई व्यवस्थित तथा पारदर्शी बनाउने बताए ।

**झापामा नेतृत्वको निरन्तरता**

झापामा संघका संस्थापक अध्यक्ष बेनुप्रसाद सिटौला (स्व) हुन् । त्यसयता शिवबहादुर कटुवाल, भीमबहादुर कुँवर र तारा कार्कीले अध्यक्षको जिम्मेवारी सम्हालिसकेका छन् । पाँचौं अधिवेशनबाट वेदनारायण गोदार अध्यक्षमा चयन भएसँगै नेतृत्वको नयाँ चरण शुरु भएको संघले जनाएको छ ।

अधिवेशनले आगामी कार्यकालमा अभिकर्ताको पेशागत क्षमता अभिवृद्धि, संगठन विस्तार, बीमा सचेतना अभियान र संस्थागत सुशासनलाई प्राथमिकतामा राखेर काम गर्ने निर्णय समेत गरेको छ ।

# छ महिनामा नौ अर्ब ७७ करोडभन्दा बढीको पेट्रोलियम पदार्थ आयात



**झापा, माघ ८।** चालू आर्थिक वर्ष २०८२/०८३ को पुस मसान्तसम्म पूर्वी नाका काँकरभिट्टाबाट रु. नौ अर्ब ७७ करोडभन्दा बढीको पेट्रोलियम पदार्थ आयात भएको छ। यहाँबाट पेट्रोल, डिजेल, एलपी ग्यास, एटिएफ, मट्टितेल गरी रु. नौ अर्ब ७७ करोड दुई लाख ३२ हजार मूल्य बराबरको पेट्रोलियम पदार्थ आयात भएको हो ।

मेची भन्सार कार्यालयका सूचना अधिकारी एवम् भन्सार अधिकृत ईश्वकुमार हुमागाँईका अनुसार अघिल्लो आव २०८१/०८२ को सोही अवधिको तुलनामा रु. ५१ करोड ५९ लाख ४३ हजार अर्थात् पाँच दशमलव ६० प्रतिशतले पेट्रोलियम पदार्थको आयातमा वृद्धि भएको छ ।

आयात बढेसँगै पेट्रोलियम पदार्थबाट प्राप्त राजश्व पाँच दशमलव ७० प्रतिशत अर्थात् रु. २५ करोड ४२ लाख ४० हजारले बढेको उनले जानकारी दिए ।

कार्यालयको तथ्याङ्क अनुसार चालू आवको छ महिनामा पेट्रोलियम पदार्थ आयातबाट रु. चार अर्ब ७४ करोड ९४ लाख ३६ हजार राजश्व सङ्कलन भएको छ। उक्त अवधिमा रु. चार अर्ब ७२ करोड छ लाख मूल्य पर्ने ५३ हजार एक सय ५२ किलोलिटर पेट्रोल आयात भएको थियो ।

त्यसैगरी रु. तीन अर्ब २२ करोड ६५ लाख मूल्य पर्ने ३३ हजार सात सय ४४ किलोलिटर डिजेल आयात भएको छ । त्यस्तै छ महिनाको अवधिमा रु. एक अर्ब २४ करोड सात लाख मूल्य पर्ने १२ हजार आठ सय ११ मेट्रिक टन एलपी ग्यास, रु. ३७ करोड ९४ लाख मूल्य पर्ने चार हजार एक सय १२ किलोलिटर एटिएफ र रु. नौ करोड पाँच लाख मूल्य पर्ने नौ सय ६४ किलोलिटर मट्टितेल आयात भएको कार्यालयको तथ्याङ्क छ ।

# हरिवंशको 'भूठान' ओटिटी प्लेटफर्म 'अमेजन' मा

चलचित्र 'भूठान' विश्वविख्यात ओटिटी प्लेटफर्म अमेजनमा सार्वजनिक गरिएको छ । चलचित्रका निर्माता अविरल थापाका अनुसार गत जनवरी ९ तारिखदेखि अमेजनले आधिकारिक रूपमा भूठानको अंग्रेजी नाम 'द वर्ल्डस् ह्यापियष्ट म्यान' नामबाट हालका लागि नर्थ अमेरिका क्षेत्रमा रिलिज भएको छ ।

चलचित्र बिस्तारै संसारभरका अन्य प्लेटफर्मबाट पनि हेर्न सकिनेगरी काम भइरहेको अर्का निर्माता राजेन्द्र ठकुराठीले जानकारी दिए । गत बैशाखमा नेपालमा रिलिज भएको यस फिल्ममा भुटानबाट अमेरिका पुगेका भूटानी शरणार्थीको कथा समेटिएको छ । वृद्ध अवस्थामा पुगेका एक व्यक्तिले जीवनको उत्तरार्धमा अमेरिकाबाट भूटान फर्किन गरेको प्रयास र पराइ भूमिमा बाध्य भएर बस्नु पर्दाको उकुसमुकुस, पराइ भूमिमा भौतिक सुख प्राप्त भए पनि धर्म, संस्कार र संस्कृति नमिल्दा त्यसले पार्ने प्रभाव देख्न सकिन्छ ।

चलचित्रको मुख्य भूमिकामा हरिवंश आचार्य हुनुहुन्छ भने दयाहाङ राई, अनुराधा मजुमदार, पूजा चन्द-लामा, रिचा घिमिरे, जोएस पाण्डे, अदिती प्याकुरेल, टम क्रेन र विमल सुवेदीले पनि अभिनय गरेका छन् । विनोद पौडेलको निर्देशन रहेको 'भूठान'का निर्मातामा अविरल थापा, सुशान्त मैनाली, राजेन्द्र ठकुराठी, अमिताभ जोशी र किर्तना बाँस्कोटा रहेका छन् ।



# घरेलु उद्यममा व्यस्त दिदीबहिनी



**भोजपुर, माघ ८।** भोजपुरका दुई दिदीबहिनीले पछिल्ला चार दशकभन्दा बढी समयदेखि परम्परागत ऊनी कपडा बुन्ने घरेलु उद्योग सञ्चालन गर्दै आएका छन् ।

आधुनिक प्रविधि र रेडिमेड कपडाको बढ्दो प्रयोगका बीच पनि परम्परागत सीपको संरक्षण र पुस्तान्तरण गर्ने उद्देश्यले रसिला ताम्राकार र हीरामाया ताम्राकारले ४२ वर्षदेखि निरन्तर रुपमा यो पेसालाई जीवित राख्दै आएका हुन् ।

परम्परागत चर्खा तथा होजियारी मेसिनको प्रयोग गरी ऊनी धागोबाट स्विटर, चौबन्दीचोलो, ब्लाउज, मफ्लर, टोपी लगायत कपडा उत्पादन गर्दै आएको रसिला ताम्राकारले बताइन् । विद्यार्थी, स्थानीय बासिन्दा तथा विशेष अर्डरका ग्राहकको माग अनुसार डिजाइन र साइजमा कपडा तयार गर्ने गरिएको उनको भनाइ छ ।

विगतमा भोजपुरमा आधा दर्जनभन्दा बढी यस्ता घरेलु ऊनी उद्योग सञ्चालनमा रहे पनि पछिल्ला वर्षहरूमा अधिकांश बन्द भइसकेका छन् । विविध चुनौतीको सामना गर्दै आफूहरूले चार दशकदेखि यही पेसालाई निरन्तरता दिँदै आएको बताइन् ।

'अजिमा ऊनी वस्त्रालय' नामबाट सञ्चालन भइरहेको यस उद्योगबाट वार्षिक करिब रु. सात लाखसम्मको कारोबार हुने गरेको छ । कच्चापदार्थ तथा अन्य खर्च कटाएर पनि करिब ५० प्रतिशतसम्म आम्दानी हुने गरेको उनीहरूको भनाइ छ। यहाँ उत्पादन भएका ऊनी कपडा उपहारका रूपमा देशका विभिन्न जिल्लासँगै विदेश पनि पुग्ने गरेको हिरामाया ताम्राकारले जानकारी दिइन् । उद्योग सञ्चालनका लागि धागो तथा अन्य कच्चापदार्थ धरान, इटहरी लगायत सहरबाट ल्याइने गरिएको छ ।

स्थानीय तहबाट प्रवर्द्धन, सीप हस्तान्तरणका कार्यक्रम तथा बजार व्यवस्थापनमा सहयोग भएमा परम्परागत घरेलु उद्योगले रोजगारी सिर्जना गर्नाका साथै स्थानीय संस्कृति संरक्षणमा पनि योगदान पुग्ने यहाँका ज्येष्ठ नागरिक बताउँछन् ।


**मार्बल शिलालेख**
यहाँ डिजिटल प्रविधिबाट मार्बलमा फोटो खोपिन्छ साथै आर्ट सम्बन्धी सम्पूर्ण कार्यहरु सरल दरमा गरिन्छ
सम्पर्क :
एल. बि. आर्ट
बिर्तामोड–४, पश्चिम बस स्टेण्ड अदुवा पुल छेऊ
फोन नं. : ९८४४६८५६०० ९८१६०४९८००

**महत्त्वपूर्ण कागजात हराएको सूचना**
शिवसताक्षी–८ गुराँस चोकबाट झिलझिले जाने क्रममा यही मिति २०८२/१०/०५ गते मेरो निम्न ब्यहोराको महत्त्वपूर्ण कागजात हराएको हुँदा भेट्नुहुने महानुभावले नजिकको प्रहरी कार्यालय वा निम्न ठेगानामा सम्पर्क गरिदिनुहुन अनुरोध गर्दछ ।
नाम:- नारायण शिवाकोटी
ठेगाना:- शिवसताक्षी–८, झापा
नागरिकता नं. :- ८५२४१२१५
राष्ट्रिय परिचयपत्र:- ६०४०–७६५–५०५६–१
सम्पर्क: ९८०४९६१९८४

**उच्च गुणस्तर सुलभ मूल्य**
**सयपत्री बालुवा प्रशोधन उद्योग**
यहाँ आधुनिक प्रविधिद्वारा प्रशोधित बालुवा, गिटी आदि निर्माणजन्य सामग्री सुपथ मूल्यमा पाइनुका साथै तुरुन्त डेलिभरी समेत गरिन्छ ।
सम्पर्क : ९८६६२४२४६६
Whatsp: ९८४२६५४४००/९८०४९५४४००
अर्जुनधारा नपा– ४, झापा

**SUNMAI SPRING**
'थोपा–थोपामा जीवन छ'
HACCP | ISO 9001:2015 | स्वदेशी
स्वास्थ्य जीवनका लागि सुनमाई पानी पिउने बानी बसालौं ।
SUNMAI SPRING
Phone: 530335, 530234
Mob. No. 9801440344

**आयुर्वेद उपचार**
यहाँ पाइल्स, फिस्टुला, फिसरको विशेषज्ञ डाक्टरद्वारा सफल उपचार गरिन्छ । साथै शरीरका सम्पूर्ण रोगहरुको पनि उपचार गरिन्छ ।
सुश्रुत आयुर्वेद अस्पताल प्रा.लि.
काँकरभिट्टा रोड, बोलबम पेट्रोलपम्पसँगै काली मन्दिर छेउ, बिर्तामोड
सम्पर्क : ९८१८७९३९८६, ९८५२६८८९८६

**अब बिर्तामोडमा**
डा. पितामबर ठाकुर
MBBS. MD(TU)
NMC NO. 1914
मेची अञ्चल अस्पतालका Ex-Superintendent वरिष्ठ फिजिसियन
हरेक दिन बिहान ११:०० देखि १:०० र दिउसो ३:०० देखि ५:०० बजेसम्म
के तपाईलाई तलका मध्ये कुनै समस्या छ ?
पेट सम्बन्धी समस्या, मुटु सम्बन्धी समस्या, राति निद्रा नलाग्ने, छाती दुख्ने, फोक्सो सम्बन्धी समस्या, बाथ, थाईराईड, रक्तचाप, मधुमेह
डाक्टर आउने समय : बिहान ११:०० बजेदेखि ५:०० बजेसम्म
(+977) 9817964771 (+977) 023-590008
THAKUR POLYCLINIC Birtamode-1, Jhapa, Nepal Opposite of Paschim Bus Stand

**UPVC झ्याल ढोका**
टर्की ब्रान्डका UPVC ओरजिनल झ्याल, ढोका पार्टीसन लगाउनु परेमा हामीलाई सम्झनुहोस् ।
गणपति UPVC झ्याल, ढोका-संसार
सम्पर्क : बिर्तामोड, चारपाने, सुरुङ्गा, दमक
९८५२६७१४२२, ९८१८२१०६७०

**कार्की ट्याक्सी सर्भिस**
दमक-बिर्तामोड-दानाबारी-जितपुर-मंगलबारे दैनिक सेवा रिजर्वको लागि पनि हामीलाई सम्झनुहोस्
छुट्ने समय
दमकबाट : बिहान ६ बजे
बिर्तामोडबाट : बिहान ७ बजे
मंगलबारेबाट : दिउसो १२ बजे
सम्पर्क (चालक)
सन्तोष ९८०६०१८१७४ ९८४०३८७६७५
जीवन कार्की ९८१७९४०१७३
मे १ ज १६७०

**सेक्युरिटी गार्ड चाहिएमा सम्पर्क गर्नुहोस् ।**
कुनै पनि संस्था, बैंक, उद्योग, स्कूल, मार्केट लगायत जुनसुकै क्षेत्रमा सेक्युरिटी गार्ड चाहिएमा सम्पर्क गर्नुहोला । साथै सेक्युरिटीमा काम गर्न चाहने इच्छुक महिला तथा पुरुषहरुले पनि तुरुन्त सम्पर्क गर्नुहोला ।
सम्पर्क :
सेक्टर वान सेक्युरिटी सर्भिस
बिर्तामोड–१, झापा, हिमरेश मार्ग
फोन: ९७०००६८५४०, ९८०१४४५००३

**शुद्ध दूधको स्वस्थ उत्पादन**
**कोसेली**
"सुखद् उत्सव होस वा पारिवारिक समारोहमा कोसेली सधैं तपाईहरुको साथमा'
दूध तथा दूधबाट बनेका सम्पूर्ण उत्पादनहरु बिर्तामोड एरियामा होम डेलिभरीसहित उपलब्ध छ। साथै क्याटरिङ्ग तथा पार्टी भोजका लागि चाहिने सम्पूर्ण दूग्ध परिकार र मिनी रसवरी पनि उपलब्ध छ ।
कालिका डेरी,
कृषिथोक पूर्वगेट बिर्तामोड,
फोन नं.: ०२३–५३४१२९
९८५२६४४१२९, ९८०२३१३२७२

**Ganapati Bakers**
Finest Bakery in town
गणपति बेकरीका परिकारहरुका लागि हामीलाई सम्झनुहोस् ।
सम्पर्क नम्बर :
बिर्तामोड : ९८१०९४४५७७
काँकरभिट्टा : ९८२०५४४५७७
भद्रपुर : ९८२०१४४५७७

**DRISHTI Eye Care System**
TRUSTED BY MORE THAN 1.1 MILLION+ PATIENTS
प्रत्येक दिन आँखाको शल्यक्रिया
१) मोतियाविन्दुको शल्यक्रिया
२) जलविन्दुको शल्यक्रिया
३) आँखाको पर्दा (रेटिना)को शल्यक्रिया
४) आँखाको डेढोपन (छड्के आँखा)को शल्यक्रिया
५) आँखाको नानी प्रत्यारोपण (शल्यक्रिया)
Visit our Website www.drishtieye.org
सबैका लागी दृष्टि सधैंका लागी दृष्टि

**आरोग्य मल्टि-स्पेसियलिटी डेन्टल क्लिनिक**
१५ वर्षको अनुभवसँग तपाईंको सेवामा :
हामीले प्रदान गर्ने सेवाहरू :
- दाँतका सम्पूर्ण समस्याको समाधान
- आर्थोडन्टिक उपचार (braces)
- दाँत सफा गर्ने (Scaling)
- ब्रिज, क्राउन र इम्प्लान्ट (implant)
- बालबालिका दाँत उपचार
नि:शुल्क चेक-अप र आर्थोडन्टिक परामर्श लिनुहोस् ! तपाईंको सेवामा !
हाम्रो स्थानहरू :
बिर्तामोडमा हिकोला रोड
फोन नं. ९८६९१८३०४२
शनिश्चरेमा NIC एशिया बैंकको तल फोन नं. ९८१७०५६११८

**सेफ्टी ट्यांकी चाहिएमा**
अब झापामा सेफ्टी ट्यांकी सफा गर्नु परेमा राम्रो सेफ्टी ट्यांकीलाई सम्पर्क गर्नुहोस् । सस्तो, भरपर्दो, छिटो र छरितो सेवा उपलब्ध छ ।
सम्पर्क: शिवसताक्षी, कन्काई, बिर्तामोड, धुलाबारी, अर्जुनधारा, बुधबारे
देवराज गिरी
९८१३६७६६२२/९८४२०७०५८६/९७०६१९६४०६

**सेफ्टी ट्यांकी सफा गर्नु परेमा हामीलाई सम्पर्क गर्नुहोला ।**
**झापा सेफ्टी ट्यांकी तथा ढल सफाई**
बिर्तामोड सम्पर्क: राजुकुमार श्रेष्ठ ९८५२६४६००५, ९८०६०१०४१० ९८४२६३४६२, ०२३–५४६००५
दमक सम्पर्क: देवी सिटौला ९८२४९७९१८५, ९८४२७६०२६५, ९८४२३३२४३०
झापामै सबैभन्दा ठूलो भ्याकुम सिस्टमको ट्यांकीबाट सफाई गरिन्छ ।

**हामीलाई सम्पर्क गर्नुहोस्**
सेक्युरिटीमा जागिर खानु परे वा सेक्युरिटी चाहिएमा हामीलाई सम्पर्क गर्नुहोस् । हामी तपाईहरुको आवश्यकता पूरा गर्नेछौं ।
नोट: सिविल वा रिटायर जुनै भए पनि हुनेछ ।
सेभेन स्टार सेक्युरिटी सर्भिस प्रा. लि.
SEVEN STAR SECURITY SERVICE PVT. LTD.
फोन : ०२३–५९१०९५,
मो. ९८०१४१६८४०, ९८०१४१६८४१
मो. ९८०१४१६८४२, ९८०१४१६८४३

**UAE मा रोजगारीको अवसर**
United International Group
७ दिनमा भिषा आउने
कम्पनी: युनाइटेड इन्टरनेशन ग्रुप LT No . 309924
पद : मेसन, कार्पेन्टर, स्टील फिक्चर, हेल्पर
ASIA LINK SERVICES (P) LTD .
BRANCH OFFICE : BIRTAMOD, JHAPA
Tel: 023-535072 / 531287
Mob: 9852674809 / 9863714421 9807963795 / 9816015488
email: asialinkjhapa@gmail.com phagdhakgroup@gmail.com

**वैदेशिक रोजगार**
अब वैदेशिक रोजगारीका लागि भरपर्दो मेनपावर बिर्तामोडमा
हामीलाई सम्पर्क गर्नुहोस् । बिना झन्झट राम्रो तलब (सेलरी)मा तपाईलाई वैदेशिक रोजगारमा हामी पठाउँछौं ।
सम्पर्क :
यूनाइटेड प्लेसमेन्ट एण्ड इम्प्लोइमेन्ट सर्भिस प्रा. लि.
शाखा कार्यालय बिर्तामोड
मो. ९७०२९५९६४० / ९७०२९५९६४१

**हाडजोर्नी तथा नसाका समस्याहरूको सफल उपचार**
पूर्वाञ्चलकै पहिलो तथा एकमात्र फरक चिकित्साको उपचार स्पार्क पूर्वाञ्चल अस्पताल बिर्तामोड झापामा हाडजोर्नी तथा नसाका बिरामीहरुको सफल उपचार ।
जाँच तथा उपचार हुने समस्याहरु
– गर्धन, ढाड, कम्मर दुख्ने, डिस्स प्रोल्याप्स, नसा च्यापिएको, हड्डी खिइएको
– बाथ रोग, युरिक एसिड बढेको, आर्थराइटिस, जोर्नी दुख्ने, जोर्नी जाम भएको
– शरीर झमझमाउने, पोल्ने, लाटो हुने, काम्ने,
– प्यारालाइसीस तथा हिंड्न गाह्रो हुने शरीरको एक वा दुबै भाग नचल्ने, मुख बाङ्गिएको बिरामीलाई भर्ना गरी विशेष उपचार गरिन्छ ।
– प्लाराइसीस भएका तथा हिंड्न नसक्ने बिरामीका लागि अस्पतालमा भर्ना गरी विशेष उपचार गरिन्छ ।
स्पार्क पूर्वाञ्चल अस्पताल, कनकाई रोड
नेपाल टेलिकम पूर्व बिर्तामोड, झापा
(फोन : ०२३–५३०१२३, ९८०३१५४६१९, ९८१४०३२६६२, ९७६२९००२८८)

**ताप्लेजुङ -पाथीभरा सफल यात्रा**
बिर्तामोडबाट फिदिम, ताप्लेजुङ हुँदै पाथीभरा मन्दिरसम्म साथै थेचम्बु, मेमेङसम्मको सफल यात्राका लागि हामीलाई सम्झनुहोस् ।
ताप्लेजुङ पाथीभरा काउन्टर
मो. : ९८०३२५०४७२ ९८०१३६४०९३

**सिलिङ्ग सम्बन्धीको सम्पूर्ण काम गर्नुपरेमा हामीलाई सम्झनुहोस्**
यहाँ गुणस्तरीय सामानको प्रयोग गरी जिप्सन, फल्ससिलिङ, २X२ जिप्सन तथा २X२ सिमेन्ट बोर्ड सिलिङ्ग साथै पीभीसी सिलिङ्ग र सिमेन्ट बोर्ड पाटेसन सम्बन्धी सम्पूर्ण काम दक्ष प्राविधिकबाट गरिनुका साथै सिलिङ्ग सम्बन्धी सम्पूर्ण सामान होलसेल तथा खुद्रा मूल्यमा उपलब्ध छ। आजै सम्पर्क गर्नुहोस् मौकाको फाइदा लिनुहोस् ।
बिर्तामोड :
झापा फल्स सिलिङ्ग हाउस
९८१७९९७२१२, ९८२५९१४४३०
उर्लाबारी : उर्लाबारी इन्टेरियर डेकोर
फोन नं. : ९८११३४८२४३